प्रकाशक :

कृषि विकास मन्त्रालय

खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा

लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखा

२०७४, आषाढ

फोन नं : ४२११६८७

Website: www.moad.gov.np

आ.व. २०७२/७३

# लैङ्गिक समता तथा सामाजिक समावेशीकरण वार्षिक प्रगति प्रतिवेदन

कृषि विकास मन्त्रालय

खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा

लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखा

२०७४, आषाढ

# लैङ्गिक समता तथा सामाजिक समावेशीकरण
# वार्षिक प्रगति प्रतिवेदन
## आ.व. २०७२/७३

कृषि विकास मन्त्रालय

खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा

लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखा

२०७४, आषाढ

# मन्तव्य

विकासमा महिलाहरूको सक्रिय सहभागिता जुटाउन सन् १९७५ देखि १९८५ सम्मको दशवर्षको आवधिलाई संयुक्त राष्ट्र संघले Decade for Women घोषणा गरे लगतै नेपालमा पनि पाँचौ आवधिक योजना (सन् १९७५-१९८०) देखि विकासमा महिलाको सहभागितालाई सम्बोधन हुन थालेको हो । बिगत तीस वर्ष देखि नै नेपालका आवधिक योजनाहरूवाट लैङ्गिक मुद्दालाई सशक्तिकरण, मूलप्रवाहीकरण  र सवलीकरणको माध्यमवाट विकासका मूलधारमा ल्याउन योगदान पुऱ्याइएको हो भने त्रिवर्षीय अन्तरिम योजनाहरू एवं नेपालको संविधान, २०७२ को प्रावधान अनुसार लैङ्गिक विषयका मुद्दाका  साथसाथै सामाजिक समावेशीकरणको सवाललाई पनि समेटिएको हो ।

समावेशी विकासका लागि सामाजिक र आर्थिक रूपमा पिछडिएका सिमान्तकृत समुदायहरूलाई विकासमा समेट्ने अवधारणा अनुसार नेपाल सरकार र विकास कार्यसंग सम्बन्धित साझेदारहरूले पनि आफ्नो क्षेत्रगत कार्यक्रमहरूमा यस साझा मुद्दालाई प्राथमिकता दिई मूलप्रवाहमा ल्याउन प्रयासरत रहेको परिप्रेक्षमा कृषि विकासका समग्र कार्यक्रमहरूमा लैङ्गिक र सामाजिक समावेशीकरणका मुद्दालाई मूलप्रवाहिकरण गर्ने उद्देश्य प्राप्तिका लागि संरचना गरिएको लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखावाट कृषि विकासमा लैङ्गिक एवं समावेशीका आधार सूचना तथा तथ्याँकहरू संकलन, अभिलेखीकरण तथा अद्यावधिक गर्नका लागि आर्थिक वर्ष २०७२/०७३ को कृषि विकास मन्त्रालय अन्तरगतका निकायहरू मार्फत सञ्चालित कार्यक्रमहरूवाट लाभान्वित कृषकहरूको लैंङ्गिक, सामाजिक र आर्थिक रूपमा देखिएको सहभागिता अनुसार क्षेत्रिय कृषि निर्देशनालयहरू, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, आयोजनाहरू र नेपाल कृषि अनुसन्धान परिषदवाट प्राप्त विवरणहरूलाई आधार मानि यो पुस्तिका प्रकाशन गरिएको छ ।

प्राकृतिस्रोत र सम्पदासंग प्रत्यक्ष सरोकार राख्दै ग्रामिण क्षेत्रमा बसोबास गर्ने कृषकहरू कृषि उत्पादन र ग्रामिण अर्थतन्त्रको विकासमा क्रियाशील रहदै आएका छन् । कृषिलाई ग्रामीण अर्थतन्त्रमा आधारित नेपालको अर्थतन्त्रको मेरूदण्डको रूपमा लिईन्छ । श्रम शक्तिको प्रमूख योगदान रहको कृषि उत्पादनमा कूल उत्पादन लागतको ५० देखि ६० प्रतिशत सम्म कृषक श्रमको अंश रहेको हुन्छ । नेपालको कृषि क्षेत्रमा ८० प्रतिशत भन्दा बढी महिला कृषकहरूको संलग्नता रहेको सन्दर्भमा उत्पादनमा पनि ८० प्रतिशत भन्दाबढी महिला श्रमको योगदान रहेको छ । आ.व. २०७२/०७३ मा सञ्चालित जिल्लास्थित समग्र कृषि विकासका कार्यक्रमहरूमा ४७.९ प्रतिशत महिला सहभागिता रहेको यस प्रतिवेदनले देखाएको छ ।

प्रस्तुत पुस्तिकाले कृषि विकासका कार्यक्रमहरूमा सिमान्तकृत तथा विपन्न समुदायहरूको सशक्तिकरणका लागि कार्यान्वयनमा ल्याएका नीतिगत प्रावधानहरू, कृषि विकासमा लैङ्गिक तथा समावेशीको तथ्याङ्कहरू प्रतिवेदित गराएको छ । प्रस्तुत पुस्तिका मन्त्रालय र अन्तरगतका निकायहरू, अन्य सरोकारवाला संस्थाहरू र विद्यार्थी एवं अन्य पाठक वर्गमा उपयोगी सिद्ध हुनेछ भन्ने अपेक्षा गर्दै आगामि वर्षहरूमा पनि यस प्रकाशनले निरन्तरता पाउनेछ भन्नेमा विश्वस्त छु । अन्तमा यस पुस्तिका तयार गर्न आवश्यक निर्देशन गर्नुहुने खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखाका सहसचिव एवं तथ्याङ्क संकलन, सम्पादन तथा विश्लेषण गरी पुस्तिका प्रकाशन सम्पन्न गर्ने बरिष्ठ बागवानी विकास अधिकृत विद्या पाण्डेलाई धन्यवाद दिन चाहन्छु ।



आषाढ, २०७४


**डा. सुरोज पोखरेल**
सचिव
कृषि विकास मन्त्रालय, सिंहदरवार

# दुई शब्द

कृषि उत्पादनमा महिला श्रमको महत्वपूर्ण योगदानलाई कदर गर्दै कृषि विकासका कार्यक्रमहरूको मूलप्रवाहमा महिला कृषकहरूलाई संलग्न गराई कृषि उत्पादन एवं उत्पादकत्व अभिबृद्धि गराउन महिला कृषक विकास महाशाखाको संरचना गरिएको थियो । विकासको मूल प्रवाहीकरणमा समावेशीकरणको अवधारणाको प्रवेशसंगै समावेशी सहभागितालाई प्राथमिकता दिनु जरूरी देखिएकाले कृषि विकासका कार्यक्रमहरूमा पिछडिएका समुदायको सहभागितालाई सुनिश्चत गरी उनीहरूको जिविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले कृषि विकास मन्त्रालयमा लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखाको स्थापना भएको हो । कृषि विकासमा महिलाको त्रिपक्षीय भूमिका (Productive, Reproductive and Social) लाई मध्यनजर राख्दै महिलाको कार्यबोझ (Women drudgery) न्यूनीकरण, लैङ्गिक मैत्री एवं समावेशी सहभागितालाई मन्त्रालय र अन्तरगतका निकाय एवं आयोजनाहरूवाट सञ्चालन हुने कृषि कार्यक्रमहरूसंग संस्थागत गरी कृषि विकासमा लैङ्गिक तथा समावेशीका आधार सूचना तथा तथ्याङ्कहरू संकलन, अभिलेखीकरण तथा अद्यावधिक गरी सोको अवस्था जानकारी गराउनुका साथै सोही अनुरूपका कृयाकलापहरू कार्यान्वयनका लागि पहल गर्ने/गराउने उद्देश्य अनुरूप "लैङ्गिक समता तथा सामाजिक समावेशीकरण वार्षिक प्रगति प्रतिवेदन" नामक प्रस्तुत पुस्तिका प्रकाशन गरिएको हो ।

कृषि विकास मन्त्रालय अन्तरगतका निकायहरूवाट प्राप्त लैङ्गिक, सामाजिक र आर्थिक समावेशीका तथ्याङ्कहरू यस पुस्तिकामा प्रतिवेदित भएका छन् । जिल्लास्तरवाट सञ्चालन हुने समग्र कृषि विकासका कार्यक्रमहरूमा महिलाको सहभागिता ४७.९ र पुरूषको सहभागिता ५२.१ प्रतिशत रहेको तथ्याङ्कले जनाएको छ । सामाजिक समावेशीकरण अन्तरगत दलित समुदायको ९.८ प्रतिशत, जनजातिको ३८.४ प्रतिशत सहभागिता देखिएको छ भने आर्थिक रूपमा विपन्न समुदायको सहभागिता २८.२ प्रतिशत रहेको छ ।

कृषि विकासमा लैङ्गिक समता तथा सामाजिक समावेशीकरणसंग प्रत्यक्ष वा परोक्ष रूपमा सरोकार राख्नु हुने सबैलाई प्रस्तुत पुस्तिका उपयोगीसिद्ध हुने विश्वास गरेको छु । अन्तमा, आगामी प्रकाशन अझै विश्लेषणात्मक, परिमार्जित एवं परिष्कृत बनाउने प्रतिवद्दता व्यक्त गर्दछु र सोका लागि रचनात्मक सुझावहरूको अपेक्षा गर्दै सम्बन्धित विवरण एवं तथ्याङ्कहरू उपलब्ध गराई यस प्रकाशनमा सहयोग गर्नु हुने कृषि विकास मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद तथा कृषि विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, कार्यक्रम निर्देशनालयहरू, क्षेत्रीय कृषि निर्देशनालयहरू तथा जिल्लास्तरका कार्यालयहरू एवं आयोजनाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । प्रस्तुत पुस्तिकालाई यस रूपमा तयार गर्न पहल गर्नु हुने लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखाका शाखा प्रमूख, बरिष्ठ बागवानी विकास अधिकृत, विद्या पाण्डे विशेष र कृषि अर्थ विज्ञ आशा शर्मा धन्यवादका पात्र हुनुहुन्छ ।



**सुरेश वावु तिवारी**
सहसचिव
खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथावातावरण महाशाखा
कृषि विकास मन्त्रालय, सिंहदरवार ।

# विषय सूची


| शिर्षक | पृष्ठ |
|---|---|
| **मन्तब्य** | |
| **दुई शब्द** | |
| **पृष्ठभूमि** | |
| नेपालको विकास र महिलाको संलग्नता | १ |
| लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा | ३ |
| कृषि क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण र संस्थागत विकासको प्रारम्भ | ४ |
| **लैङ्गिक मूलप्रवाहीकरण समन्वय समिति** | **७** |
| **लैङ्गिक सामाजकि समावेशीकरणको नितिगत प्रावधानहरू** | ८ |
| राष्ट्रिय कृषि नीति, २०६१ | ८ |
| कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३ | ९ |
| कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन, २०७१) | ९ |
| लैङ्गिक मलप्रवाहीकरण रणनीति, २०६३ | १० |
| कृषि यान्त्रिकरण प्रबर्द्धन नीति, २०७१ | ११ |
| बीउ विजनको दिर्घकालिन राष्ट्रिय सोच सन् (२०१३-२०२५) | ११ |
| कृषि विकास रणनीति, २०७१ | १२ |
| लैङ्गिक समानता तथा सामाजकि समावेशीकरण रणनीति, २०७४ (GESI Strategy) | १३ |
| **कृषि क्षेत्रमा संलग्न जनशक्ति र लैङ्गिक विभेदी तथ्याङ्क** | **१४** |
| **कृषि विकास कार्यक्रमहरू र लैङ्गिक उत्तरदायी बजेट** | **१८** |
| लैङ्गिक उत्तरदायी बजेटको प्रारम्भ | १८ |
| लैङ्गिक उत्तरदायी बजेटका सूचकहरू | १८ |
| लैङ्गिक उत्तरदायी बजेट र यसको तर्जुमा | १९ |
| लैङ्गिक उत्तरदायी बजेट समितिको व्यवस्था | २२ |
| **आ.व. २०७२/०७३ मा सञ्चालित कार्यक्रमहरूमा लैङ्गिक सामाजिक सहभागिता र लाभान्वित कृषकहरू** | २४ |

| | |
|---|---|
| लाभान्वित कृषकहरूको लैङ्गिक सहभागिता | २४ |
| लाभान्वित कृषकहरूको सामाजिक समावेशीकरण | २८ |
| **खाद्य पोषण तथा प्रविधि विकास सम्बन्धित कृयाकलापहरूमा लैङ्गिक सहभागिता र लाभान्वित कृषकहरू** | **३२** |
| **कृषक समूह गठनमा लैङ्गिक मूलप्रवाहीकरण स्थिति** | **३३** |
| **कृषि जन्य उत्पादनमा संलग्न कृषक समूहहरू** | **३४** |
| **नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत अनुसन्धानात्मक कार्यमा समावेशीको अवस्था** | **३५** |
| **महिलाको सहभागिता तथा कामको बोझ कम गर्ने क्रियाकलापका नतीजाहरू** | **३५** |
| ईरी (IRRI) | ३७ |
| **कृषि विकास मन्त्रालय अन्तरगत सञ्चालनमा रहेका आयोजनाहरूमा लैङ्गिक, सामाजिक र आर्थिक समावेशीकरण** | **३८** |
| उच्चमूल्य कृषि वस्तु विकास आयोजना | ३८ |
| किसानका लागि उन्नत बीउ विजन आयोजना | ३९ |
| खाद्य कृषि सुरक्षा आयोजना | ३९ |
| **बैदेशिक परियोजनाहरू** | **४०** |
| Sindhuli Road Corridor Commercial Agriculture Promotion Project/ SRC-CAP | ४० |
| Rural Women Economic Empowerment Joint Project/RWEEJP | ४० |
| **कृषि विकासका कार्यक्रमहरूमा लैङ्गिक सामाजिक मूलप्रवाहीकरणका अवसरहरू** | **४३** |
| **कृषि विकासका कार्यक्रमहरूमा लैङ्गिक सामाजिक मूलप्रवाहीकरणका समस्या र चुनौतीहरू** | **४६** |
| **सन्दर्भ सामग्रीहरू** | **४७** |
| **अनुसूचीहरू** | **४९** |

# लैङ्गिक समता तथा सामाजिक समावेशीकरण वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७२/०७३

## पृष्ठभूमि

### नेपालको विकास र महिलाको संलग्नता

संयुक्त राष्ट्र संघवाट सन् १९७५ देखि १९८५ सम्मको अवधिलाई Decade for Women घोषणा गरी विश्वव्यापि रुपमा महिलालाई विकासको क्षेत्रमा संलग्न गराउने अवसर प्रदान गरेको सन्दर्भलाई मनन गर्दै नेपालले पाँचौ योजना (१९७५-१९८०) वाट महिलालाई विकासमा साझेदारीका रुपमा संलग्न गराउन अवसर प्रदान गर्दै Women Service Coordinating Committee गठनका लागि प्रावधान राखेको थियो । फलस्वरुप नेपालको विकास योजनामा प्रथम पटक शिक्षा, स्वास्थ्य, रोजगार, कृषि, सहकारी, कानून तथा वन क्षेत्रमा महिला विकासका कार्यक्रमहरु समावेश भएका थिए । सबै क्षेत्रमा महिलाहरुको सकृय सहभागिता जुटाउन छैंठौं आवधिक योजना (१९८०-१९८५) वाट कृषि क्षेत्रमा महिलाको योगदानलाई प्राथमिकता दिंदै महिलाको सकृय सहभागिता बढाउने खालका कार्यक्रमहरु संचालन गराउने, विकास आयोजना तर्जुमाका प्रकृयाहरुमा महिलालाई समावेश गरिनु पर्ने सोच राखेको पाइन्छ । सातौं योजना (१९८५-९०) मा महिलाको सहभागितालाई सुनिश्चित गर्न कृषक तालिम संचालन गर्दा १० प्रतिशत महिला सहभागिता अनिवार्य गरी कोटा तोकिएको थियो । आठौं योजना (१९९२-१९९७) मा कृषि विकास कार्यक्रम अन्तरगत प्रविधि विस्तार, तालिम, ऋण, कृषक समूह गठन जस्ता कार्यक्रमहरुमा महिला कृषकहरुको योगदान र सहभागितालाई महत्व दिई कृषि विकास कायर्कम अन्तरगत प्रविधि विस्तार, तालिम, ऋण, कृषक समूह गठन आदि क्षेत्रमा विविध कार्यक्रमहरु समावेश गरेर संस्थागत सोच विकास सम्बन्धि पहलका साथसाथै कृषि, उद्योग, वन क्षेत्रका नीति निर्माण तहमा महिलाको सहभागिताको सुनिश्चितामा जोड दिएको पाइन्छ ।

ग्रामिण क्षेत्रमा बसोबास गर्ने महिलाहरु कृषि उत्पादन, प्राकृतिक स्रोत र सम्पदासंग प्रत्यक्ष सरोकार राख्दै स्थानिय अर्थतन्त्रको मेरुदण्डको रुपमा परिचित छन् भने समग्र नेपालको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि उत्पादनमा श्रम शक्तिको बाहुल्यता रहेको छ । कूल उत्पादन लागतको ५० देखि ६० प्रतिशत सम्म कृषक श्रमको अंश रहेको र प्राय जसो सबै क्रियाकलापमा श्रमको अंशमा ८० प्रतिशत सम्म महिला श्रमको योगदान रहेको पाईन्छ । बिकासको क्षेत्रमा महिलाको भूमिकालाई पूर्ण अंगिकार गरी बिकाससंग गाँसिएका प्रत्येक हाँगाहरु जस्तै कृषि, उद्योग, वन क्षेत्रमा महिलाको सहभागितालाई प्रोत्साहन गरी नीति निर्माण गर्न जोड दिए अनुसार कृषि विकास कार्यक्रमहरुलाई लैङ्गिक मूलप्रवाहीकरण गर्ने उद्देश्य अनुरुप आवश्यक नीतिगत दस्तावेजहरु तयार गर्न आ.व. २०४९/०५०मा तत्कालिन कृषि तथा सहकारी मन्त्रालयमा महिला कृषक विकास महाशाखा (Women Farmer Development Division, WFDD) को स्थापना भई संस्थागत संरचनाको शुरुआत भएको हो । महाशाखाको स्थापना पश्चात् राष्ट्रिय योजना आयोगसंगको समन्वयमा कृषि क्षेत्रमा महिला कृषक विकासको लागि नीति निर्माण गर्ने प्रकृयाको थालनी भयो ।

महाशाखाको महिला कृषकका लागि आय आर्जन बढाउने उपयुक्त कार्यक्रमहरु पहिचान र सञ्चालन तथा  उद्यमशीलताको रुपमा विकास गर्ने उद्येश्य अनुसार आय आर्जन बढाउने कार्यक्रम अन्तरगत तरकारी खेती, मौरी पालन, साना पशुपालन आदि विषयगत वस्तुहरु जिल्लास्तरसम्मका निकायहरुले महिला/महिला र पुरुष मिश्रित कृषक समूह गठन गरी समूह मार्फत कार्यक्रमहरु सञ्चालन भएका थिए र यस्ता कार्यक्रमहरुलाई हाल सम्म पनि निरन्तरता दिइरहेको छ । यस्ता कार्यकमहरुलाई नीतिगत व्यवस्था भित्र समेट्न Five Years Strategic Plan for Women Farmers Development of Nepal (1994-1999) तयार गरिएको थियो । यस रणनीतिक योजना अनुरुप खाद्यान्न बाली, बागवानी, बाख्रा पालन, कुखुरा पालन, खरायो पालन आदि उत्पादन कार्यक्रममा महिला कृषकहरुलाई प्रत्यक्ष रुपमा अग्रसर

बनाउने रणनीति लिइएको थियो । दिर्घकालिन कृषि योजनाले द्रुततर आर्थिक विकासका लागि कृषि क्षेत्रलाई अग्रणी क्षेत्रको रुपमा परिभाषित गर्दै गरीवी निवारण, वातावरण संरक्षण सम्बर्द्धन र महिलाहरुको विद्यमान अवस्थाको सुधार गर्ने जस्ता उद्देश्यहरु लिई कृषि विकासको क्रममा सम्भाव्य सबै क्षेत्रमा लैङ्गिक सवाललाई समावेश गर्ने विषयमा जोड दिएको पाइन्छ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा

नेपालको परिप्रेक्ष्यमा दशौं पञ्चबर्षीय योजना (२००२-२००७) सामाजिक समाबेशीकरणलाई खम्वाको रुपमा लिएको थियो । तीन वर्षीय अन्तरिम योजना (वि.सं. २००७-२०१०) ले मुलुकको समतामुलक विकासका लागि “समावेशी तथा न्यायपूर्ण राज्य” को विकासलाई दीर्घकालिन सोचको रुपमा लिंदै बञ्चितिमा परेका/पारिएका समुदायहरुलाई विकासको मूलधारमा ल्याई उनीहरुको आर्थिक, सामाजिक, मानवीय तथा साँस्कृतिक स्थितिमा सुधार ल्याउने तथा सबै जातजाति, लिङ्ग, धर्म, क्षेत्र उमेर र वर्गका नागरिकहरुको अधिकार सुनिश्चत गर्ने  उद्देश्य लिइएको थियो ।

तीन वर्षीय अन्तरिम योजना (२०१०/११-२०१२/१३) ले महिला, दलित, आदिवासी र जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अपाङ्गगता भएका व्यक्ति, अल्पसंख्यक र लोपोन्मुख जाति एवं कर्णाली क्षेत्र समेत दुर्गम पहाडी र हिमाली क्षेत्रका बासिन्दा तथा विपन्न वर्ग र समुदाय सहित बञ्चितिमा परेका/पारिएका समुदायहरुलाई विकासको मूल धारमा ल्याई उनीहरुको आर्थिक, सामाजिक, मानवीय तथा साँस्कृतिक अधिकार र अवसरहरुमा न्यायोचित पहुँच सुनिश्चित गर्ने  अवधारणा राखेको थियो । तीन वर्षीय अन्तरिम योजना (वि.सं.२०७०-२०७३) ले लैङ्गिक समानता तथा महिला शसक्तिकरणको अनुरुप सामाजिक समूह वर्ग र क्षेत्रका महिलाहरुको आर्थिक, सामाजिक र राजनैतिक सशक्तीकरणका लागि लैङ्गिक भूमिकालाई सशक्त बनाउने र महिला भएकै कारणवाट हुने लैङ्गिक हिंसा एवं विभेद र बञ्चितिकरणको अन्त गर्ने अवधारणा लिएको थियो भने समावेशीकरण

अन्तरगत बञ्चितिमा परेका समुदायहरुको आर्थिक, सामाजिक, मानवीय तथा साँस्कृतिक तथा भाषिक अधिकारको संरक्षण तथा प्रबर्द्धन गर्दै आर्थिक, सामाजिक एवं साँस्कृतिक उत्थान गर्ने अवधारणा लिएको छ।

चौधौं योजना (वि.सं.२०७३/०७४-२०७५/०७६) ले लैङ्गिक समानता हासिल गर्न पिछडिएका क्षेत्र, वर्ग र समुदाय एवम् सीमान्तकृत वर्गका जनतालाई लक्षित कार्यक्रम, न्यायोचित वितरण तथा सामाजिक सुरक्षा एवम् संरक्षण प्रदान गरी शीघ्र गरिबी न्यूनीकरण गर्नुपर्न वारे संबोधन गरेको छ। लैङ्गिक समानता, समावेशीकरण र मूलप्रवाहीकरणका विषयमा लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्ने लक्ष्य राख्दै आर्थिक तथा सामाजिक जीवनमा पुरुष र महिलाको उपस्थिति समानता उन्मुख भएको हुने, राज्य संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत पुगेको हुने, प्रत्यक्ष रूपले लैङ्गिक उत्तरदायी बजेट विनियोजनको अनुपात कम्तीमा २७ प्रतिशत पुगेको हुने, महिला विकास कार्यक्रम मार्फत् समूह सदस्य सङ्ख्या १२ लाख ५० हजार पुगेको हुने, लैङ्गिक हिंसा घटेको हुने र पीडकलाई अनिवार्य रूपमा सजाय हुने संयन्त्रसमेत बनेको हुने उपलब्धिको अपेक्षा गरेकोछ। त्यस्तै समावेशीकरणका लागि सबै नागरिकको अर्थपूर्ण सहमागितामा मुलुकको समावेशी विकास हुने सोच राख्दै राज्यको निर्णय प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित भएको हुने, उपलब्ध स्रोत-साधनहरूमा समुदायको पहुँच बढेको हुने, राजनीतिक, प्रशासनिक, शैक्षिक क्षेत्रमा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता भएको हुने र विविध भाषा तथा संस्कृतिको संरक्षण एवं सम्बर्द्धन हुने अपेक्षा गरेको छ।

## कृषि क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण र संस्थागत विकासको प्रारम्भ

आठौं योजना देखि निरन्तर रुपमा कृषि कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरणका लागि प्रत्येक जिल्ला स्तरका कार्यक्रमहरु समूह पद्धति (Group Approach)

अनुसार सञ्चालित छन्। कृषि विकासका कार्यक्रमहरु वास्तवमा कृषकहरुलाई नै लक्षित गरी तर्जुमा गरिएका हुन्छन् र तीनै पुरुष र महिला मिलेर कृषक समुदाय बनाउँछन् । समूह पद्धतिवाट सञ्चालित कृषि विकासका कार्यक्रमहरुले लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धि संस्थागत विकासका लागि योगदान पुऱ्याउँदै आएका छन् ।

विकासमा महिलाको भूमिकालाई पूर्ण अंगिकार गरी आवधिक योजनाहरु, कृषि विकासका नीतिगत दस्तावेजहरुवाट महिलाको सकारात्मक सहभागिताको अभिबृद्धि गर्ने कार्यक्रमहरु तर्जुमा र कार्यान्वयनमा जोड दिए अनुरुप कृषि विकासका सम्पूर्ण कार्यक्रमहरुमा महिलाको अर्थपूर्ण सहभागितालाई प्रोत्साहन गर्नका लागि नीति निर्माणका कार्यक्रमहरुमा मूल प्रवाहीकरणवाट महिलाहरुको संलग्नतालाई सुनिश्चितता प्रदान गर्न र कृषि विकासका कार्यक्रमहरु संस्थागत गर्न वि.सं. २०४९ सालमा संरचना भएको महिला कृषक विकास महाशाखावाट स्थापना काल देखि नै महिला सहभागितालाई जोड दिए फलस्वरुप महिला कृषक विकास कार्यक्रमहरु जिल्लास्तरमा कार्यान्वयन हुँदै आएका छन् । यस महाशाखा स्थापना भएको दशक पछि वि.सं. २०५९ मा कृषि विकासका कार्यक्रमहरुमा लैङ्गिक मूल प्रवाहीकरण र यसको प्रभाव अध्ययन Impact Study of Gender Mainstreaming in Major Agricultural Commodity, 2002 वाट कृषि विकासका कार्यक्रमहरु संचालनमा महिलाहरु अगाडि आएका, आफू संलग्न भएका क्रियाकलापहरु प्रति जवाफदेहिता र जिम्मेवारिता बहन गर्ने क्षमता एवं आत्म विश्वास उत्साहजनक रुपमा अभिबृद्धि भएको पाइएकोवारे प्रतिवेदित गरिएको छ। त्यस्तै यसै अध्ययनवाट महिला कृषकहरुमा समस्या समाधान गर्ने, झैझमेलाहरु फैसला गर्ने क्षमतामा विश्वास गर्न योग्य देखिएको र आफ्नो कारोबारको लेखा व्यवस्थापन कार्यमा क्षमता विकास भएको साथै महिलाहरुको सहभागिता समूहगत कार्यमा बढी देखिएको वारे प्रतिवेदनमा उल्लेख भएको छ। यस अध्ययनले पहुँच र निर्णायक भूमिकामा सरकारीस्तर समेतलाई इंगित गर्दै, कृषक समूहमा महिला र पुरुषलाई बराबरी अवसर

प्रदान गर्न कानूनी व्यवस्थाका लागि शिफारिस गरेको छ । Gender Balanced Work Division (लैङ्गिक समानता कार्यभार) को प्रबर्द्धन गरिनु पर्ने र बराबर श्रमको समान पारिश्रमिक प्रदान गर्नका लागि कानूनी व्यवस्थाको थालनी हुन शिफारिश गरेको देखिन्छ ।

नेपालको कृषि प्रणालीमा महिला कृषक श्रमको उल्लेखनिय योगदान रहँदै आएको परिप्रक्ष्यमा विशेषतः महिलाहरुको शिप, शिक्षा र ज्ञानमा अभिबृद्धि नआए सम्म आशा गरे अनुरुप कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याउन कठिन पर्ने भएकाले महिला कृषक विकास कार्यक्रमलाई छुट्टै कार्यक्रमको रुपमा नसोची कृषि उत्पादनका समग्र कार्यक्रमहरुमा उनीहरुलाई यथोचित सहभागिता गराई लैङ्गिक मूलप्रवाहीकरण हुने अपेक्षा अनुसार विगतमा सञ्चालित महिला कृषक विकास कार्यक्रमहरुलाई छुट्टै कार्यक्रमको रुपमा नसोची माथि उल्लेखित अध्ययनको शिफारिस समेतलाई मनन गर्दै कृषि उत्पादनका समग्र कार्यक्रमहरुलाई महिला पुरुष सबै कृषकहरुको यथोचित सहभागिता गराउन लैङ्गिक मूल प्रवाहीकरणको अवधारणा अनुसार २०६१ मा साविकको महिला कृषक विकास महाशाखालाई लैङ्गिक समता तथा वातावरण महाशाखाको रुपमा परिवर्तन गरी कृषि जैविक विविधता र कृषि वातावरणलाई यसै महाशाखामा समावेश गराई संस्थागत गरिएको हो । कृषि विकासका कार्यक्रमहरुमा पनि लैङ्गिक र सामाजिक समावेशीकरणका मुद्दाहरुलाई मूल प्रवाहीकरण गरी लैङ्गिक सामाजिक र आर्थिक रुपमा पिछडिएका वर्गहरुको सहभागितालाई सुनिश्चित गरी उनीहरुको जिविकोपार्जनमा सहयोग मिलोस् भन्ने उद्देश्यले हाल खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा अन्तरगत लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखा स्थापना गरिएको छ । सो शाखाका कार्य जिम्मेवारीहरु देहाय बमोजिम तोकिएका छन् ।

१. लैङ्गिक मूलप्रवाहीकरण र समावेशीकरणका सिद्धान्तलाई मन्त्रालय र अन्तरगतका निकाय र आयोजनाहरुवाट सञ्चालन हुने कृषि कार्यक्रमहरुमा संस्थागत गरी सोको लेखाजोखा गर्ने ।

२. कृषि विकासमा लैङ्गिक तथा समावेशीताको आधार सूचना तथा तथ्याँकहरु संकलन गरी अभिलेखिकरण गरी अद्यावधिक गर्ने ।

३. सीमान्तकृत तथा बञ्चितिकरणमा परेका समुदायहरुको उत्थानका लागि आयमूलक कृषि सम्बन्धी कार्यक्रममा पहुँच विस्तार गर्न पहल गर्ने ।

४. लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सम्पर्क विन्दुको रुपमा कार्य गर्ने ।

## लैङ्गिक मूलप्रवाहीकरण समन्वय समिति

कृषि विकासका कार्यक्रमहरुमा लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणको सूत्रपात तथा वर्तमान स्थिति, कृषि विकास मन्त्रालयले अबलम्वन गरेका नीतिगत प्रावधानहरु र जिल्लास्तरमा सञ्चालित कार्यक्रमहरुमा लैंङ्गिक, सामाजिक समावेशीकरणका प्रगति अद्यावधि तथा प्रकाशन कार्यमा मन्त्रालयका शाखाहरु, अन्तरगतका निकायहरु तथा सरोकारवाला निकायहरु बीच समन्वय तथा  जानकारी छलफल र सो कार्यलाई निरन्तरता दिन यस समितिको आवश्यकता महसूस भएकाले कृषि विकास मन्त्रालयमा खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखाका सहसचिवज्यूको अध्यक्षतामा लैङ्गिक मूलप्रवाहीकरण समन्वय समितिको गठन गरिएको हो ।

• • •

# लैङ्गिक सामाजिक समावेशीकरणका नीतिगत प्रावधानहरू

कृषि विकास मन्त्रालयवाट कार्यान्वयनमा ल्याइएका केही नीति/रणनीतिहरुमा विद्यमान लैङ्गिक एवं सामाजिक मुद्दाहरुलाई सम्बोधन र सहजीकरणका लागि नीतिगत प्रावधानहरु अबलम्वन गरिएका छन् । केही नीतिगत दस्तावेजहरु र नीतिगत प्रावधानहरु यस परिच्छेदमा व्याख्या गरिएका छन् ।

## राष्ट्रिय कृषि नीति, २०६१

कृषि क्षेत्र ग्रामिण भेकमा बस्ने नेपालीहरुको जिविकोपार्जनको महत्वपूर्ण साधन भएको तर गाउँमा अन्य क्षेत्रवाट हुने आर्थिक बृद्धिदरको अवसर न्यून भएकोले कृषि क्षेत्रमा समावेशीकरण गरिएमा यसले गरिवी निवारणमा गहन प्रभाव पार्न सक्ने सम्भावनालाई आधार मानि कृषि क्षेत्रको समग्र विकासका लागि आर्थिक उदारिकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरुमा नेपालको विद्यमान प्रतिबद्धता, नेपालको लागि दिगो विकासको एजेण्डा एवं सहश्राब्धि विकासका लक्षहरु समेतको पृष्ठभूमिमा दीर्घकालिन कृषि योजनाका मूलभुत पक्षलाई कायम राखि राष्ट्रिय कृषि नीति, २०६१ तर्जुमा भई कृषि उत्पादन एवं उत्पादकत्व बढाउने, व्यवसायिक तथा कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसंग प्रतिष्पर्धात्मक बनाउने, प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने उद्देश्यहरु अनुरुप नीति कार्यान्वयनमा आईसकेको छ । यिनै उद्देश्यहरु प्राप्तिका लागि स्रोत साधनमा पहुँच भएका र साधन र अवसरमा तुलनात्मक रुपमा न्यून पहँच भएका कृषकहरुको आवश्यकतालाई समेट्ने र महिला र सिमान्तकृत कृषकहरुको सहभागिता बढाउने गरी देहाएका नीतिहरु अवलम्बन भएका छन् ।

- कृषि उत्पादन एवं उत्पादकत्व अभिबृद्धिका लागि सिमान्त कृषक लगायत दलित, विपन्न र पिछडिएका वर्गहरुलाई लक्षित गरी विशेष सुविधा व्यवसायिक र प्रतिष्पर्धात्मक कृषि प्रणालीको विकास तथा

प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग जस्ता नीतिहरु प्रमूख छन् ।

- लैंङ्गिक मूलप्रवाहीकरणका लागि कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने तथा लैंङ्गिक समानता हासिल गर्न कृषि कार्यक्रमको सञ्चालनमा सम्भव हुने सवै क्षेत्रमा महिला संलग्नता एवं सहभागितालाई ५० प्रतिशत पुऱ्याउने महिला कृषक तालिममा सकभर घुम्ती तालिमको प्रबन्ध मिलाई घर गाउँ नगिच पुऱ्याउने व्यवस्था मिलाउने, कृषि विकासका कार्यक्रममा महिला संलग्नता सम्बद्ध सूचना तथा तथ्याङ्कहरुको प्रवाहलाई सुनिश्चित गर्ने, तथा चार हेक्टर भन्दा कम जमिन हुने कम स्रोत र साधन भएका (Resource poor) कृषकको पहिचान र वर्गिकरण गरी तोकिएको सुविधाहरु उपलब्ध गराउने जस्ता नीतिहरु अबलम्बन गरिएका छन् ।

## कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३

राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन राष्ट्रिय कृषि नीति, २०६१ को व्यवसायिक तथा कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसंग प्रतिष्पर्धात्मक बनाउने उद्देश्य अनुरुप कृषि व्यवसाय प्रबर्द्धन कार्यलाई गति प्रदान गर्न कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३ कार्यान्वयन गर्न बजारमुखी र प्रतिष्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुऱ्याउन कृषि जन्य उद्योगको विकास गरी आन्तरिक बजार तथा निर्यात प्रबर्द्धनमा योगदान पुऱ्याउने कृषिको व्यवसायीकरण गरी गरीवी निवारणमा सहयोग पुऱ्याउने उद्देयहरु अन्तरगत लैङ्गिक र सामाजिक समावेशीकरण अन्तरगत विपन्न वर्ग, महिला र दलित वर्गवाट कृषि उद्यम स्थापना तथा सञ्चालनका लागि विशेष कार्यक्रम लागु गरिने नीति अबलम्वन गरेको छ ।

## कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन, २०७१)

कृषकको परम्परागत ज्ञानको खोज, प्रबर्द्धन र उपयोगका लागि महिला, आदिबासी, जनजाती र विपन्न वर्गलाई समाहित गरी आवश्यक कार्यक्रम

सञ्चालन गरिने तथा कृषि जैविक विविधताको दिगो उपयोगका लागि सरकारी, कृषक समुदाय (महिला, आदिबासी, जनजाती र उपेक्षित बर्ग) तथा निजी क्षेत्रको सहकार्य एवं साझेदारीमा उत्पादन वृद्धि, रोजगारी एवं आयमूलक कार्यक्रम सञ्चालन गरिने नीति अबलम्वन गरेको छ ।

## लैङ्गिक मूलप्रवाहीकरण रणनीति, २०६३

विकासको लक्षित उद्देश्य र नतिजा प्राप्त गर्न लैङ्गिक मूलप्रवाहीकरण र महिला शसक्तिकरण अपरिहार्य भएको तथ्य पहिचान भइरहेको अवस्थामा प्रशासनिक संयन्त्रका प्रत्येक तहमा लैङ्गिक समविकासको आधारमा लैङ्गिक समायोजन गरी संस्थामा महिला र पुरुषको संख्यामा समानुपातिक गर्नु पर्ने शासकीय सुधार कार्यक्रमको मान्यता अनुसार मन्त्रालय र मातहतका विभाग, आयोजना, समिति, बोर्ड, कम्पनीहरुमा लैङ्गिक मूल प्रवाहीकरण एवं महिला शसक्तिकरणको अवधारणागत दृष्टिकोणका आधारमा महिलाहरुको समानुपातिक सहभागिता ५०/५० पुऱ्याउन, देशको आर्थिक सामाजिक राजनीतिक एवं साँस्कृतिक अवस्था महिला वर्गको विद्यमान शैक्षिक स्तर, सामाजिक संस्कार र विभाग एवं आयोजनाहरुको प्रकृति आदि सबैलाई दृष्टिगत गरी लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी चरणबद्ध रणनीति अख्तियार गर्न तथा सेवा प्रदान गर्ने पक्ष र सेवा लिने पक्ष दुबैलाई लैङ्गिक अवधारणामा समाहित गरेर लैजानका लागि शासकीय सुधारको सोच अनुसार तत्कालिन र दिर्घकालिन रणनीतिहरु अख्तियार गर्नु पर्ने आवश्यकता अनुसार लैङ्गिक मूलप्रवाहीकरण रणनीति, २०६३ तयार गरिएको छ ।

आधारभूत संरचनाको विकास र सुधार गर्ने उद्देश्य परिपूर्तिका लागि यस रणनीतिले व्यवसायिकरण, सिंचाईको व्यवस्था, स्थानिय निकायको संलग्नता जस्ता दीर्घकालिन रणनीति अपनाई आवश्यक कार्यनीतिहरु कार्यान्वयनमा ल्याई कृषिमा व्यवसायिकरण भई महिलाहरुको सिप अभिबृद्धि हुने तथा आर्थिक शसक्तिकरण हुने प्रतिफलको अपेक्षा गरेको छ । क्षमता अभिबृद्धि, संरचनागत व्यवस्था, आय आर्जन अभिबृद्धि गर्ने उद्देश्य प्राप्तिका लागि

तालिम, भ्रमण, नेतृत्व विकास, प्रोत्साहन, महिला प्राविधिक जनशक्ति विकास, महिला कृषक समूह गठन र परिचालन, उद्यमशीलताको लागि तालिमको व्यवस्था, कार्यक्रमहरुमा गुनासो व्यवस्थापन, संस्थागत सुदृढिकरण, विविधिकरण र व्यवसायिकरण PMBS लाई लैङ्गिक अवधारणा अनुरुप बनाउने जस्ता तत्कालिन रणनीतिहरु अपनाई आवश्यक कार्यनीतिहरु कार्यान्वयनमा ल्याई कार्यक्षमता अभिबृद्धि, महिला जनशक्ति विकास, समूहमा लैङ्गिक सहभागिताको प्रभावकारिता बृद्धि, उद्यमशीलताको विकास, गुनासो सुनवाईको व्यवस्था, संस्थागत सुदृढीकरण, कृषि व्यवसायिकरणमा लैङ्गिक सहभागिताको अभिबृद्धि र कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीको प्रभावकारीता जस्ता प्रतिफलहरु आशा गरिएका छन् ।

## कृषि यान्त्रिकरण प्रबर्द्धन नीति, २०७१

महिला श्रममा आधारित कृषि र महिलाहरुको कार्यबोझ तथा अत्याधिक श्रमभारलाई न्यून गर्न तथा कार्य क्षमतालाई बढी प्रभावकारी बनाउन कृषि यान्त्रिकरण मार्फत उपकरणहरुको प्रयोगलाई प्रोत्साहन गरी कृषि व्यवसायको आधुनीकीरणका लागि व्यवसायीकरणलाई दिशानिर्देश गर्दै यस क्षेत्रमा ठोस र  दिगो गति प्रदान गर्ने हेतुले कृषि यान्त्रिकरण प्रबर्दन नीति २०७१ नेपाल सरकारले मिति २०७१/५/३ मा स्वीकृत गरी लागु गरेको हो । यस नीतिले अबलम्वन गरेका उद्देश्यहरु मध्ये महिला तथा वातावरण मैत्री कृषि यन्त्रको पहिचान र प्रबर्द्धन गर्ने उद्देश्य अनुरुप महिलाहरुको कार्यबोझ र कष्टकरश्रम घटाउने खालका उपकरणहरुको विकास प्रयोग र विस्तारलाई जोड दिने नीति लिएका छ ।

## बीउ विजनको दीर्घकालिन राष्ट्रिय सोच (सन् २०१३-२०२५)

नेपालको बीउ विजनको दीर्घकालिन राष्ट्रिय सोचले देहाय बमोजिम लैङ्गिक, सामाजिक र आर्थिक रुपमा पिछ्डिएका वर्गहरुको रोजगार र जिविकोपार्जनका अभिबृद्धिका लागि अवसर प्रदान गरेको छ ।

- गरीव, महिला तथा सिमान्तकृत वर्गमा खाद्य सुरक्षामा महत्वपूर्ण योगदान प्रदान हुने
- ग्रामिण महिला, भूमिहिन समुदाय, श्रम र सिमान्तकृत कृषकहरुमा ५० प्रतिशत थप रोजगारको अवसर सीर्जना हुने परिकल्पना गरिएको
- बाली उत्पादनोपरान्तका कृयाकलापहरुवाट ग्रामिण महिला, भूमिहिन समुदाय, श्रम र सिमान्तकृत कृषकहरुमा ५० प्रतिशत थप रोजगारको अवसर गुणात्मक रुपमा बृद्धि हुने
- बीउ विजन श्रृंखलाका उत्पादन सामग्री देखि उत्पादित सामग्रीसम्मका अवयवमा आधारित रहँदा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई साझा मुद्दा/Cross cutting Theme को रुपमा विश्लेषण गरिएको बीउ विजन श्रृंखलावाट महिला सिमान्तकृत कृषकहरुमा आयस्तर अभिबृद्धि हुने

## कृषि विकास रणनीति, २०७२

समावेशीकरणका सम्बन्धमा कृषि विकास रणनीतिले आर्थिक, सामाजिक र भौगोलिक विपन्नता र बञ्चितकरण, महिलाहरुको पहुँचमा असमानता र यूवावर्गहरुको विदेश पलायनका कारण कृषि विकासमा कठिनाईहरु देखा परेका मुद्दाहरुलाई प्राथमिकता दिंदै सिमान्त र विपन्न कृषकहरुलाई कृषि विकासका कार्यक्रममा संलग्न गराई कृषिवाट बढी भन्दा बढी लाभान्वित गराउने दूरदृष्टि संकेत गरेको छ। लैंङ्गिक र सामाजिक समावेशीकरण मूल प्रवाहीकरण सम्बन्धी कृषि विकास रणनीतिका अवधारणाहरु:

- लैंङ्गिक र सामाजिक तथा भौगोलिक समावेशीकरण सम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्कहरु व्यवस्थापन र अध्यावधि गर्ने
- लैंङ्गिक र सामाजिक समावेशीकरणसंग सरोकार राख्ने जनशक्तिहरुको जिम्मेवारिता सहित केन्द्रिय विभाग र जिल्लास्तरलाई सुदृढिकरण गर्ने।

- संख्यात्मक र गुणात्मक रुपमा महिला र पुरुष कृषकहरुको सहभागितालाई अभिबृद्धि गर्ने ।

- सबै जिल्ला कृषि प्रसार र पशुसेवा सेवाहरुलाई लैंङ्गिक र सामाजिक समावेशीकरण मैत्री बनाउने ।

- कृषि/पशुजन्य उत्पादनका लागि आवश्यक भूमि, पूँजी लगायत कृषि/पशुजन्य उत्पादन सामग्रीहरु (बीउ, मल, पशुपंक्षी, उन्नत प्रविधि, सिंचाई र बजार) मा सम्पूर्ण लैंङ्गिक, सामाजिक, आर्थिक र भौगोलिक रुपमा पिछडिएका र सिमान्तकृत वर्गहरुको पहुँचमा अभिबृद्धि गर्ने ।

- अनुसन्धानमा महिलाहरुको सक्रिय सहभागिता र भूमिका बढाउनको लागि कृषि विकास रणनिती २०७२ मा समेत महिलाको अवसरहरुको सुनिश्चितता एवं सहभागिता समेटि भौगोलिक क्षेत्रहरुमा लैंङ्गिक र सामाजिक समावेशीकरण मैत्री कृषि अनुसन्धान, प्रविधि र विकासका कार्यक्रमहरु प्रबर्द्धन गर्ने ।

- कृषि विकास रणनीतिको परिकल्पना अनुसार लैंङ्गिक र सामाजिक समावेशीकरणका अवधारणाहरु तर्जुमा, कार्यान्वयन तथा अनुगमन क्रियाकलापहरुलाई सुनिश्चित गर्न लैंङ्गिक र सामाजिक समावेशीकरण रणनीति (GESI Strategy) तयार गरी कार्यान्वयनमा ल्याउने ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति (GESI Strategy)

कृषि विकास रणनीति, २०७२ ले परिकल्पना गरे बमोजिमको समावेशी कृषि विकासलाई कार्यान्वयनमा ल्याई यसलाई यथार्थमा परिणत गराउनका लागि कृषि विकास रणनीतिको सुशासन (Improved Governance) संभागमा उल्लेख भएका समावेशी पक्षहरु लैङ्गिक, सामाजिक र भौगोलिक रुपमा पिछडिएका वर्गहरुको सहभागितालाई सुनिश्चित गरी रणनीति कार्यान्वयन र उपलब्ध लाभांश समेतमा पहुँचको सहजिकरणको व्यवस्थाका लागि दिशानिर्देश गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

(Gender Equality and Social Inclusion Strategy, GESI Strategy) तयार गर्ने अवसर कृषि विकास रणनीतिले प्रदान गरेको सन्दर्भमा कृषि विकास रणनीति, २०७२ को समावेशी पक्षको कार्यान्वयन प्रकृया प्रारम्भ गर्न संयुक्त राष्ट्र संघको लैङ्गिक समानता तथा महिला सशक्तिकरण सम्बन्धि कार्य गर्ने संस्था (United Nations Entity for Gender Equality and the Empowerment of Women/UN Women) वाट तयार गरिएको रणनीति नेपाल सरकारको मिति २०७४ आषाढ ६ (जुन २० २०१७) गतेको निर्णयवाट अनुमोदन भएको छ ।

## कृषि क्षेत्रमा संलग्न जनशक्ति र लैङ्गिक विभेदी तथ्याँक

नेपाल सरकारको सबै तहमा महिलाहरुको पहुँचमा सवलीकरण गरी मूल प्रवाहीकरण गर्न नेपाल सरकारले अपनाएको समावेशीको प्रावधानवाट हाल नीतिगत तह र उच्च्पदहरुमा महिलाहरुको सहभागिता बढ्न गएको छ । नेपालमा ५०.४% महिला जनसंख्याहरु रहेका छन् । २०७३ को आँकडा अनुसार ५४.५% महिला जनसंख्या कृषि पेशामा संलग्न छ। कृषि सेवा प्रदान गर्न पुरुषका साथसाथै महिलाहरु पनि कृषि क्षेत्रमा सरकारी, गैरसरकारी एवं स्वायत्त संस्थाहरुका लगायत अन्तराष्ट्रिय संस्थाहरुमा पनि कार्यरत रहेको अवस्था छ । नेपाल कृषि सेवा नेपाल सरकारले गठन गरेका निजामती सेवाहरु भित्र पर्दछ। यस सेवामा कृषि मन्त्रालय, कृषि विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा पशुपंक्षी विकास मन्त्रालय र पशुसेवा विभाग भित्रका प्राविधिक निजामती कर्मचारीहरु कार्यरत छन् । निजामती किताव खानावाट प्राप्त विवरण अनुसार नेपाल कृषि सेवामा कूल जनशक्ति र श्रेणीगत विवरण एवं सोही अनुरुप लैङ्गिक विभेदी तथ्याँक तालिका १ मा प्रस्तुत गरिएको छ ।

## तालिका १: नेपाल कृषि सेवा अन्तरगत कृषि क्षेत्रमा कार्यरत मानव स्रोत र लैङ्गिक समावेशीको अवस्था*


| श्रेणीगत विवरण | पुरुष | महिला | जम्मा | पुरुष % | महिला% | जम्मा% |
|---|---|---|---|---|---|---|
| जम्मा राजपत्रांकित | १५६५ | १४५ | १७१० | ९१.५ | ८.५ | ३५.७९ |
| सचिव | १ | | | १०० | | |
| रा.प.प्र.प्रा. | ४७ | ७ | ५५ | ८७.३ | १२.७ | १.१६ |
| रा.प्र.द्वि.प्रा. | ३९४ | २० | ४१४ | ९५.२ | ४.८ | ८.६६ |
| रा.प.तृ.प्रा. | ११२३ | ११८ | १२४१ | ९०.५ | ९.५ | २५.९७ |
| जम्मा राजपत्र अनंकित | २६८४ | ३७५ | ३०५९ | ८७.७ | १२.३ | ६४.२१ |
| रा.प.अ.प्रथम | १८४० | १८१ | २०२१ | ९१.१ | ८.९ | ४२.३० |
| रा.प.अ.द्वितीय | ८०९ | १९१ | १००० | ८०.९ | १९.१ | २०.९३ |
| रा.प.अ.तृतीय | ३२ | ३ | ३५ | ९१.४ | ८.६ | ०.७३ |
| रा.प.अ.चतुर्थ | ३ | ० | ३ | १०० | ० | ०.०६ |
| श्रेणी विहिन | ९ | ० | ९ | १०० | ० | ०.१९ |
| नेपाल कृषि सेवा अन्तरगतको कूल प्राविधिक जनशक्ति | ४२५८ | ५२० | ४७७८ | ८९.१ | १०.९ | १०० |

स्रोतः *पीआइएसका आधारमा, निजामती किताबखाना, सामान्य प्रशासन मन्त्रालय, २०७३/०८/२९


तालिका १ मा प्रस्तुत गरिएका तथ्याँकहरु निजामती किताबखानामा नेपाल कृषि सेवा अन्तरगत प्राप्त पीआइएसका आधारमा प्राप्त लैङ्गिक समावेशी तथ्याँक हो । सोही तथ्याँकका आधारमा चित्र १ मा नेपाल कृषि सेवामा कार्यरत राजपत्रांकित र राजपत्र अनंकित कर्मचारीहरु भित्र लैङ्गिक समावेशीको अवस्था देखाइएको छ । चित्र १ क मा राजपत्रांकित प्रथम श्रेणीको पदमा कम दरबन्दी भएका कारण रा.प्र.द्वितयि र तृतीय श्रेणीमा भन्दा बढी महिलाको सहभागिता देखिन गएको हो । नेपाल कृषि सेवाको राजपत्र अनंकित कर्मचारीहरुमा पनि लैङ्गिक समावेशी अन्तरगत महिलाहरुको संख्या न्यून नै देखिएको तथ्य चित्र १ ख वाट प्रष्ट हुन्छ । नेपाल कृषि सेवामा आ.व. २०७३/०७४ को नयाँ विज्ञापन अनुसार रा.प.प्र.प्रा. १२ पद माग भै बिभिन्न समुहमा पदपूर्ति भएको र सो १२ प्रथम श्रेणीको पद मध्ये तीन वटा महिला प्रथम श्रेणीको पदमा नियुक्ति भैसकेको छ । वर्तमान अवस्थामा कृषि विकास मन्त्रालय र पशुपंक्षी विकास मन्त्रालय गरेर विशिष्ट श्रेणीमा दुई सचिव नेपाल कृषि सेवा अन्तरगत पदपूर्ति भएको छ ।

**चित्र १. नेपाल कृषि सेवा भित्र राजपत्रांकित र राजपत्र अनंकित प्राविधिक कर्मचारीहरु र लैङ्गिक समावेशीको अवस्था**

क. राजपत्रांकित कर्मचारी र लैङ्गिक समावेशीकरण





ख. राजपत्र अनंकित कर्मचारी र लैङ्गिक समावेशीकरण




नेपाल कृषि अनुसन्धान परिषद पनि कृषि क्षेत्रसंग सरोकार राख्ने, कृषि क्षेत्रमा अनुसन्धानात्मक कार्यहरु गर्ने नेपाल कृषि अनुसन्धान परिषद ऐन, २०४८ अन्तर्गत स्थापित एक स्वयत्त संस्था हो । कृषि क्षेत्रमा गुणस्तरिय र संख्यात्मक अनुसन्धानगत क्रियाकलापहरुलाई टेवा दिनका लागि लैङ्गिक समानता र निर्णयात्मक स्तरमा महिलाहरुको सहभागिता हुन अपरिहार्य छ । नेपाल कृषि अनुसन्धान परिषदमा प्राविधिक पदमा बैज्ञानिक, प्राविधिक अधिकृत र प्राविधिक तहहरु र लेखा र प्रशासनमा कार्यरत कर्मचारीहरुको लैङ्गिक समावेशीकरण भएको अवस्था र लङ्गिक विभेदी तथ्याँकहरु चित्र २ मा प्रस्तुत गरिएको छ ।

### चित्र २. सरकारी कृषि अनुसन्धान सेवामा महिलाको सहभागिता स्थिति




नेपाल कृषि अनुसन्धान परिषद पनि कृषि क्षेत्रसंग सरोकार राख्ने, कृषि क्षेत्रमा अनुसन्धानात्मक कार्यहरु गर्ने नेपाल कृषि अनुसन्धान परिषद ऐन, २०४८ अन्तर्गत स्थापित एक स्वयत्त संस्था हो । कृषि क्षेत्रमा गुणस्तरिय र संख्यात्मक अनुसन्धानगत क्रियाकलापहरुलाई टेवा दिनका लागि लैङ्गिक समानता र निर्णयात्मक स्तरमा महिलाहरुको सहभागिता हुन अपरिहार्य छ । नेपाल कृषि अनुसन्धान परिषदमा प्राविधिक पदमा बैज्ञानिक, प्राविधिक अधिकृत र प्राविधिक तहहरु र लेखा र प्रशासनमा कार्यरत कर्मचारीहरुको लैङ्गिक समावेशीकरण भएको अवस्था र लङ्गिक विभेदी तथ्यांकहरु चित्र २ मा प्रस्तुत गरिएको छ ।

● ● ●

# कृषि विकास कार्यक्रमहरू र लैङ्गिक उत्तरदायी बजेट

## लैङ्गिक उत्तरदायी बजेटको प्रारम्भ

आर्थिक वर्ष २०६२/०६३ को बजेट वक्तव्यको बुँदा नं. १३९ मा उल्लेखित “लैङ्गिक समानता प्रति नेपालले गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न सरकारी खर्चलाई लैङ्गिक उत्तरदायी बनाउने सोच अनुरुप उक्त आर्थिक वर्षदेखि लैङ्गिक उत्तरदायी बजेट प्रक्रिया शुरु गरिएको हो ।

लैङ्गिक उत्तरदायी बजेटलाई संस्थागत गर्न अर्थ मन्त्रालयमा एक लैङ्गिक उत्तरदायी बजेट समिति गठन गर्ने व्यवस्था गरिएको छ । यसबाट राष्ट्रिय बजेटमा महिलामुखी कार्यक्रमहरूले अझ बढी स्थान पाई महिलावर्गको समग्र विकासमा योगदान पुग्न जाने विश्वास लिइएको छ” भन्ने वाक्यांशबाट नेपालमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीको औपचारिक रुपमा थालनी भएको हो । सो घोषणा भएको दुई वर्षसम्म लैङ्गिक उत्तरदायी बजेट समितिको निर्माण, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा र विश्लेषणका आधारको निर्माण, कर्मचारीहरूको दक्षता अभिवृद्धि, कम्प्युटर सफ्टवेयर तयारी आदि जस्ता संस्थागत पूर्वाधार तयार गरियो ।

आ.व. २०६४/०६५ देखि नेपाल सरकारको बजेटको लैङ्गिक वर्गीकरण गर्ने परिपाटी शुरु भयो । अर्थ मन्त्रालयले बजेट तथा कार्यक्रम महाशाखा प्रमुखको संयोजकत्वमा रहेको लैङ्गिक उत्तरदायी बजेट समितिको सिफारिसमा निर्धारित वर्गीकरण अनुसार नेपाल सरकारको सम्पूर्ण बजेटलाई प्रत्यक्ष लैङ्गिक उत्तरदायी, अप्रत्यक्ष लैङ्गिक उत्तरदायी र लैङ्गिक दृष्टिकोणले तटस्थ गरी तीन समूहमा वर्गीकरण गरी प्रकाशमा ल्याउने प्रक्रिया प्रारम्भ भयो । यसका लागि ५ वटा गुणात्मक सूचकहरूलाई प्रयोगमा ल्याइयो ।

## लैङ्गिक उत्तरदायी बजेटका सूचकहरु

१. महिलाको क्षमता अभिवृद्धि,
२. महिलाको योजना तर्जुमा र कार्यान्वयनमा सहभागिता,

३. लाभको बाँडफाँडमा महिलाको हिस्सा,
४. महिलाको रोजगारी/आय अभिवृद्धिमा सहयोग,
५. महिलाको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा कमी ।

## लैङ्गिक उत्तरदायी बजेट र यसको तर्जुमा

लैङ्गिक उत्तरदायी बजेट मुलुकको बजेटको योगदानको परिक्षण तथा लेखाजोखा गरी लैङ्गिक समानता हासिल गर्ने एउटा महत्वपूर्ण संयन्त्र हो । यसमा सही र सरल तरिकाले महिला र पुरुष दुवै वर्गमा पर्न सक्ने बजेटका लगानी खर्च तथा आयको प्रभावको लेखा जोखा तथा विश्लेषणमा सहभागितात्मक प्रकृया समावेश भएको हुन्छ । आ.व. २०६४/०६५ देखि कार्यान्वयनमा आएको लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budget) प्रणालीले क्षेत्रगत निकायहरुले सञ्चालन गरेका कार्यक्रमहरुको र पुरुषका लागि तर्जुमा गरिने अलग अलग बजेट होइन र यसले महिलाका लागि सम्पूर्ण बजेटको ५० प्रतिशत र पुरुषका लागि ५० प्रतिशतको हिस्सा खोजेको पनि हुँदैन । यसले महिला र पुरुष वीच उत्पादनशील साधनस्रोतको समता मूलक वितरणको माध्यमवाट गरीबी निवारणको अभियानलाई गति प्रदान गर्ने तथा बजेटको कार्यान्वयन तथा कार्यसम्पादन क्षमतामा सुधार गर्ने कार्यका साथै सिमित साधनस्रोतको अधिकतम उपयोगलाई बढवा दिने कार्यलाई मद्दत गर्छ । समग्रमा लैङ्गिक उत्तरदायी बजेटले प्रत्यक्ष/अप्रत्यक्ष रुपमा लैङ्गिक समानता हासिल गराउँदै बञ्चितिकरणमा परेका तथा पिछडिएका सिमान्तबर्गहरुको हित तथा सरोकारका मुद्दाहरुलाई बित्तिय नीति निर्माणमा महत्वका साथ उजागर गर्दछ ।

लैङ्गिक उत्तरदायी बजेट महिलाको लागि छुट्टै बजेट नभईकन क्षेत्रगत निकायहरुले सञ्चालन गरेका कार्यक्रमहरु प्रत्क्षय (संकेत नं १/प्रत्यक्ष उत्तरदायी), अप्रत्यक्ष (संकेत नं २/अप्रत्यक्ष उत्तरदायी) रुपमा महिलाहरुका लागि बाँडिएका हुन्छन् । कुनै कार्यक्रमका लागि गएको बजेट लैङ्गिक उत्तरदायी रहँदैनन् र त्यस्ता बजेट लङ्गिक तटस्थ (संकेत नं ३) मा पर्दछन् । प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट कार्यक्रममा महिला र पुरुष दुवैको

सहभागिता हुनुका साथै दुवै पक्ष लाभान्वित हुन्छन् र सो कार्यक्रम मार्फत लाभान्वित वर्गको जिवीकोपार्जनमा सहयोग पुग्नुका साथै रोजगार प्राप्त हुन सक्दछ । तालिका २ मा नेपालको पाँच वर्षको राष्ट्रिय बजेट विनियोजन र लैङ्गिक उत्तरदायी बजेटको झलक देखाइएको छ । प्रत्यक्ष उत्तरदायी बजेट पाँच आर्थिक वर्षमा २१ देखि २३ प्रतिशत विनियोजन भएको देखिन्छ भने अप्रत्यक्ष उत्तरदायी बजेट ४३ देखि ४८ प्रतिशत सम्म विनियोजन भएको देखिन्छ । त्यसै गरी तालिका ३ मा कृषि विकास मन्त्रालयको पाँच वर्षको लैङ्गिक उत्तरदायी बजेटको झलक प्रस्तुत गरिएको छ । कृषि विकास मन्त्रालयको लैङ्गिक उत्तरदायी बजेट लैङ्गिक तटस्थमा शून्य देखि तीन प्रतिशत भित्र रहेको देखिन्छ भने प्रत्यक्ष उत्तरदायी बजेट विनियोजन स्थिति विगतका आर्थिक वर्षहरुमा उल्लेखनिय पाइएकोछ तर चालु आर्थिक वर्षमा भने २४.३४ प्रतिशत मात्र प्रत्यक्ष उत्तरदायी बजेट परेको छ । समग्र कृषि विकासका कार्यक्रमहरु कृषकहरुलाई नै लक्षित हुने भएका र अन्तमा कृषकहरु नै लाभान्वित हुन्छन् र अधिकांश कार्यक्रमहरु संकेत १ र संकेत २ मा पर्दछन् । चित्र ३ र ४ मा क्रमशः नेपालको राष्ट्रिय बजेटमा लैङ्गिक उत्तरदायी बजेटको अंश प्रतिशतमा र कृषि बिकास मन्त्रालयको बजेटमा लैङ्गिक उत्तरदायी बजेटको अंश प्रतिशतमा प्रस्तुत गरिएको छ ।

**तालिका : २ नेपालको पाँच वर्षको राष्ट्रिय बजेट एवं लैङ्गिक उत्तरदायी बजेटको झलक (रु. अरबमा)**

| आ.व. | लैङ्गिक उत्तरदायी बजेट-कोड अनुसार पेश गरिएको | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रत्यक्ष उत्तरदायी-१ | | अप्रत्यक्ष उत्तरदायी-२ | | लैङ्गिक तटस्थ-३ | | कूल बजेट |
| | बजेट | प्रतिशत | बजेट | प्रतिशत | बजेट | प्रतिशत | |
| २०६९/०७० | ८७.०७ | २१.५१ | १७८.६३ | ४४.१३ | १३९.११ | ३४.३६ | ४०४.८१ |
| २०७०/०७१ | ११२.५० | २१.७५ | २२७.३० | ४३.९४ | १७७.४० | ३४.३१ | ५१७.२० |
| २०७१/०७२ | १३५.५६ | २१.९३ | २७८.३८ | ४५.०५ | २०४.१५ | ३३.०३ | ६१८.०९ |
| २०७२/०७३ | १८२.५९ | २२.२७ | ३९३.१६ | ४७.९८ | २४३.७९ | २९.७९ | ८१९.५४ |
| २०७३/०७४ | २४२.३२ | २३.१० | ५०८.२० | ४८.४५ | २९८.४१ | २८.४५ | १०४८.९३ |


**स्रोतः नेपाल सरकार, अर्थ मन्त्रालय, website : www.mof.gov.np**

**तालिका: ३ कृषि विकास मन्त्रालयको पाँच वर्षको लैङ्गिक उत्तरदायी बजेटको झलक (रु. हजारमा)**


| आ.व. | लैङ्गिक उत्तरदायी बजेट-कोड अनुसार पेश गरिएको | | | | | | कूल बजेट |
|---|---|---|---|---|---|---|---|
| | प्रत्यक्ष उत्तरदायी-१ | | अप्रत्यक्ष उत्तरदायी-२ | | लैङ्गिक तटस्थ-३ | | |
| | बजेट | प्रतिशत | बजेट | प्रतिशत | बजेट | प्रतिशत | |
| २०६९/०७० | ९३९९३८८ | ७६.४३ | २८१२२५७ | २२.८७ | ८५४९६ | ०.७० | १२२९७१४१ |
| २०७०/०७१ | १३२९०१६४ | ५३.७० | ११४०१५२० | ४६.०० | ८००० | ३.३० | २४७७१६८४ |
| २०७१/०७२ | १५५१३१६८ | ६६.६० | ७६७४४५९ | ३३.०० | ९५५५१ | ०.४० | २३२८३१७८ |
| २०७२/०७३ | १६७३४२८१ | ६२.७० | ९९०६५३९ | ३७.१० | ४१७६० | ०.२० | २६६८२५८० |
| २०७३/०७४ | ६६७९९१२ | २४.३४ | २०७५८७४९ | ७५.६६ | | ०.०० | २७४३८२६१ |

**स्रोत : नेपाल सरकार, अर्थ मन्त्रालय, website www.mof.gov.np**

चित्र ३. नेपालको राष्ट्रिय बजेटमा लैङ्गिक उत्तरदायी बजेटको अंश



चित्र ४. कृषि बिकास मन्त्रालयको बजेटमा लैङ्गिक उत्तरदायी बजेटको अंश




कृषि विकास मन्त्रालयको आ.व. २०७३/०७४ को विनियोजित बजेट कार्यक्रम अन्तरगत आलु, तरकारी तथा मसलावाली विकास कार्यक्रम, नेपाल कृषि बजार वकिास कार्यक्रम, कृषि प्रसार कार्यक्रम, कर्णाली अञ्चल विकास आयोजना, RISMFP, CMISP, PACT, खाद्य पोषण तथा प्रविधि आदि कार्यक्रमहरु प्रत्यक्ष लैङ्गिक उत्तरदायी शीर्षक अन्तरगत परेका छन् ।

विशेष कृषि उत्पादन, उच्च मूल्य कृषि वस्तु विकास आयोजना, कृषि तथा खाद्य सुरक्षा आयोजना, किसानका लागि उन्नत विउ विजन कार्यक्रम, नेपाल कृषि सेवा विकास आदि महत्वपूर्ण कार्यक्रमहरु आ.व. २०७३/०७४ को कार्यक्रममा अप्रत्यक्ष रुपमा लैङ्गिक उत्तरदायीका शीर्षकमा विनियोजित भएका छन् । वास्तवमा यी कार्यक्रमहरुवाट प्रत्यक्ष रुपमा कृषकहरुको आर्थिकस्तर उकास्नमा सहयोग पु¥याउने र रोजगार उत्पन्न गराई जिविकोपार्जनमा सहयोग पु¥याउने कार्यक्रहरु मान्न सकिन्छ ।

## लैङ्गिक उत्तरदायी बजेट समितिको व्यवस्था

आर्थिक वर्ष २०६२/६३ को बजेट बक्तव्यको (बुँदा नं. १३९) अनुसार लैङ्गिक उत्तरदायी बजेट संस्थागत गर्न नेपाल सरकारको मिति २०६२/५/१४ को निर्णय अनुसार अर्थ मन्त्रालयमा देहाएका पदाधिकारीहरु रहेको एक लैङ्गिक

उत्तरदायी बजेट समिति देहाय अनुसार गठन गरीएको छ ।

(क) सहसचिव, अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा - संयोजक

(ख) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय - सदस्य

(ग) प्रतिनिधि, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, संयुक्त राष्ट्रसंघ महिला विकास कोष, युनिफेम - सदस्य

(च) उपसचिव, अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा - सदस्य सचिव

अर्थ मन्त्रालयको लैङ्गिक उत्तरदायी बजेट समितिको मिति २०७०/१२/११ को बैठक निर्णय र अर्थ मन्त्रालयको मिति २०७१/०१/१९ को निर्णय अनुसार कृषि विकास मन्त्रालयमा मिति २०७१/०६/०८को नेपाल सरकार (सचिव स्तर)निर्णय अनुसार देहायको लैङ्गिक उत्तरदायी बजेट समिति गठन भएको छ ।

(क) सह-सचिव, योजना महाशाखा -संयोजक

(ख) शाखा प्रमूख, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा -सदस्य

(ग) शाखा प्रमूख, आर्थिक प्रशासन शाखा - सदस्य

(घ) शाखा प्रमूख, कार्यक्रम अनुगमन मूल्यांकन शाखा - सदस्य

(ङ) शाखा प्रमूख, बजेट तथा कार्यक्रम शाखा - सदस्य सचिव

बजेटलाई लैङ्गिक उत्तरदायी तुलाउन बजेट विनियोजन तथा कार्यान्वयन दुबै पक्षको लैङ्गिक दृष्टीकोणवाट अनुगमन गर्ने र लैङ्गिक समानता प्रबर्द्धन गर्न समष्टिगत आर्थिक नीतिहरुवाट महिला वर्गमा पर्न गएको असरहरुको नियमित विष्लेषण गरी आर्थिक सर्वेक्षणमा समावेश गर्ने तथा लैंङ्गिक सम्पर्क विन्दु, योजना हेर्ने अधिकृत, लेखा अधिकृत तथा सबै बजेट हेर्ने सरकारी निकायहरुको लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी दक्षता बृद्धि गर्ने जस्ता कार्यहरु लैङ्गिक उत्तरदायी बजेट समितिको कार्यक्षेत्र भित्र पर्दछन् ।

# आ.व.२०७२/०७३ मा सञ्चालित कार्यक्रमहरूमा लैङ्गिक, समाजिक सहभागिता र लाभान्वित कृषकहरू

## लाभान्वित कृषकहरुको लैङ्गिक सहभागिता

वार्षिक रुपमा जिल्लास्तरमा सञ्चालन हुँदै आएको कृषि विकासका कार्यक्रमहरुको लक्ष सहित लाभान्वित महिला र पुरुष कृषकहरुको सहभागिता नछुट्टिने भएता पनि क्षेत्रीय कृषि निर्देशनालयहरुले उपलब्ध गराएका विवरणहरुलाई हेर्दा साविकको पाँच विकास क्षेत्र अन्तरगतका ७५ जिल्लाहरुमा जिल्ला कृषि कार्यालयहरुले सञ्चालन गरेका कार्यक्रमहरुमा २०५३७०९ कृषकहरु सहभागी भई लाभान्वित भए भने त्यस मध्ये ९८३१७० महिला तथा १०७०५३९ पुरुष लाभान्वित भई क्रमशः ४७.९ र ५२.१ प्रतिशत लाभान्वित भएको देखिन्छ (तालिका ४)।


**तालिकाः ४ जिल्लास्तरमा सञ्चालित समग्र कार्यक्रमहरुमा लैङ्गिक सहभागिता र लाभान्वित कृषकहरु**

| क. सं. | क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक सहभागिता संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | १७८५८३ | १९५९१५ | ३७४४९८ |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्येमाञ्चल | २७६०६२ | ३१३२९५ | ५८९३५७ |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | २४६०५५ | २३७००८ | ४८३०६३ |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्ये पश्चिमाञ्चल | १८२४३७ | २००२१६ | ३८२६५३ |
| ५ | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | १०००३३ | १२४१०५ | २२४१३८ |
| | कूल लाभान्वित | ९८३१७० (४७.९%) | १०७०५३९ (५२.१% ) | २०५३७०९ (१००%) |

**स्रोतः आ.व. २०७२/०७३ को क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित**

लैङ्गिक सहभागिताको क्षेत्रगत विवरणलाई विश्लेषण गर्दा महिला कृषकहरुको सहभागिता अन्य क्षेत्रको तुलनामा पश्चिमाञ्चल क्षेत्रमा सबै भन्दाबढी (५१ प्रतिशत) तथा पुरुष कृषकहरुको सहभागिता सबैभन्दा बढी मध्येमाञ्चलमा (५३.१ प्रतिशत) रहेको देखिन्छ । त्यसै गरी महिलाहरुको सहभागिता सबै भन्दाकम (४६.९ प्रतिशत) मध्येमाञ्चलमा एवं पुरुष कृषकहरुको सहभागिता सबैभन्दा कम पश्चिमाञ्चल (४९%,) रहेको देखिन्छ (तालिका ४, चित्र ४)।

चित्र. ४ समग्र कार्यक्रममा लैङ्गिक सहभागिता




आ. व. २०७२/०७३ जिल्लास्तरमा सञ्चालन भएका कृषि प्रसारका कार्यक्रमहरुमा जम्मा १२१००१८ कृषकहरु लाभान्वित भएका देखिन्छन् भने क्षेत्रगत सहभागिता हेर्दा मध्यमाञ्चल क्षेत्रमा सबैभन्दा बढी ३७९६८८ कृषकहरु लाभान्वित भएका छन् (तालिका ५) । समग्र कृषि प्रसारका कार्यक्रममा लैङ्गिक समावेशीको अवस्था हेर्दा ४८.३ प्रतिशत महिला सहभागिता र ५१.७ प्रतिशत पुरुष सहभागिता भएको देखिन्छ । क्षेत्रगत महिला सहभागिता हेर्दा पश्चिमाञ्चल क्षेत्रमा अन्य क्षेत्रमा भन्दा बढी ५१.८ प्रतिशत रहेको छ भने सबै भन्दा कम सुदुर पश्चिमाञ्चल क्षेत्रमा ४४.७ प्रतिशत रहेको देखिन्छ (चित्र ५) ।

**तालिकाः ५ कृषि प्रसार कार्यक्रममा लाभान्वित कृषकहरु लैङ्गिक सहभागिता**

| क. सं. | क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक सहभागिता संख्या | | |
|---|---|---|---|---|
| | | **महिला** | **पुरुष** | **जम्मा** |
| १ | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | १२४२८९ | १२९३२८ | २५३६१७ |
| २ | क्षेत्रीय कृषि निर्देशनालय, मध्येमाञ्चल | १८१८०५ | १९७८८३ | ३७९६८८ |
| ३ | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | ११९९६१ | १११७०५ | २३१६८६ |
| ४ | क्षेत्रीय कृषि निर्देशनालय, मध्ये पश्चिमाञ्चल | १००३९९ | ११५७६८ | २१६१६७ |
| ५ | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | ५७५६५ | ७१२९५ | १२८८६० |
| | कूल लाभान्वित | ५८३९९९ (४८.३%) | ६२६०१९ (५१.७%) | १२१००१८ (१००%) |

**स्रोतः आ.व. २०७२/०७३ को क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित**

आ. व. २०७२/०७३ को कृषि प्रसार कार्यक्रमवाट लाभान्वित हुने कृषकहरुको सहभागितालाई साविकको विकास क्षेत्रवाट प्राप्त विवरणलाई भौगोलिक


अर्थात कृषि पर्यावरणीय क्षेत्र अनुसार गरिएको विश्लेषण तालिका ६ र चित्र ६ मा प्रस्तुत गरिएको छ । कृषि प्रसार कार्यक्रमवाट हिमाली जिल्लाहरुमा महिलाहरु अरु दुई क्षेत्र भन्दा बढी लाभान्वित भएका छन् जहाँ सरदर ५१.९ सरदर ४७.६ प्रतिशत महिला सहभागिता रहेको छ ।

**तालिका : ६ कृषि प्रसारका कार्यक्रमवाट भौगोलिक क्षेत्रका आधारमा लैङ्गिक सहभागिता र लाभान्वित कृषकहरु**


| क्षेत्रीय निर्देशनालयहरु | कृषि पर्यावरणीय क्षेत्रहरु | | | | | |
|---|---|---|---|---|---|---|
| | हिमाल | | पहाड | | तराई | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | १७७७९ | १८५३१ | २५७६८ | २९२६४ | १८८०३ | १३१३१ |
| क्षेत्रीय कृषि निर्देशनालय, मध्येमाञ्चल | २५८२६ | २१४७९ | ३२२२० | ४०९१७ | ४३७१३ | ६३८८० |
| क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | १६१६२ | १५३५१ | २०२६९ | १९४११ | ३५९९६ | ३४७२९ |
| क्षेत्रीय कृषि निर्देशनालय, मध्ये पश्चिमाञ्चल | १२२४८ | ११९२८ | २३२१९ | १७८५५ | ३८८३१ | ४१५५२ |
| क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | १३९६३ | १६७१४ | २०७५६ | २७२८५ | १६२०१ | १७९०३ |
| सरदर भौगोलिक/लैङ्गिक सहभागिता प्रतिशत | ५१.९ | ४८.१ | ४८.३ | ५१.७ | ४७.६ | ५२.४ |

**स्रोतः आ.व. २०७२/०७३ को क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित (हिमाल १५, पहाड १५ र तराईवाट १४ जिल्लाको विवरण अनुसार)**

अर्थात कृषि पर्यावरणीय क्षेत्र अनुसार गरिएको विश्लेषण तालिका ६ र चित्र ६ मा प्रस्तुत गरिएको छ । कृषि प्रसार कार्यक्रमवाट हिमाली जिल्लाहरुमा महिलाहरु अरु दुई क्षेत्र भन्दा बढी लाभान्वित भएका छन् जहाँ सरदर ५१.९ सरदर ४७.६ प्रतिशत महिला सहभागिता रहेको छ ।




चित्र ५. क्षेत्रगत कृषि प्रसार कार्यक्रम र लैङ्गिक सहभागिता




चित्र ६. कृषि प्रसार कार्यक्रम भौगोलिक/लैङ्गिक सहभागिता


आ. व. २०७२/०७३ केन्द्रियस्तरका कार्यक्रमहरुमा जम्मा ८४२८१९ कृषकहरु लाभान्वित भएकोमा ३९८८१४ (४७.४ प्रतिशत ) महिला कृषकहरु लाभान्वित भएका देखिन्छन् भने ४४४००५ (५२.६) पुरुष कृषकको सहभागिता देखिन्छ (तालिका ७ ) । सबै भन्दा बढी पश्चिमाञ्चल क्षेत्रमा महिलाको सहभागिता (५०.२ प्रतिशत) रहेको र यस क्षेत्रमा पुरुषको तुलनामा महिलाको सहभागिता बढी देखिएको छ । अन्य क्षेत्रमा पुरुषको सहभागिता ५२.३ देखि ५५.४ सम्म देखिएको छ ( चित्र ७) ।

## तालिका : ७ केन्द्रियस्तर कार्यक्रमहरुमा लाभान्वित कृषकहरु तथा लैङ्गिक सहभागिता

| क. सं. | क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक सहभागिता संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | ५४२९४ | ६६५८७ | १२०८८१ |
| २ | क्षेत्रीय कृषि निर्देशनालय, मध्येमाञ्चल | ९४२५७ | ११५४१२ | २०९६६९ |
| ३ | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | १२५७३८ | १२४७६८ | २५०५०६ |
| ४ | क्षेत्रीय कृषि निर्देशनालय, मध्ये पश्चिमाञ्चल | ८२०५८ | ८४४४८ | १६४४१६ |
| ५ | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | ४२४६७ | ५२७९० | ९५२५७ |
| | कूल लाभान्वित | ३९८८१४ (४७.४%) | ४४४००५ (५२.६%) | ८४२८१९ (१००%) |

**स्रोतः आ.व. २०७२/०७३ को क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित**

चित्र ७. केन्द्रियस्तर कार्यक्रम





## लाभान्वित कृषकहरुको सामाजिक समावेशीकरण

जिल्लास्तरमा सञ्चालित कार्यक्रमहरुमा लाभान्वित कृषकहरुको सहभागिता अनुसार सम्भव भएसम्म सामाजिक र आर्थिक समावेशीकरण गरी दुई वर्गमा विश्लेषण गरिएको छ । यस आ.व.मा सञ्चालित कार्यक्रमहरु वाट सामाजिक समावेशीकरण अन्तरगत (२००४८३ दलित, ७८१२७३ जना जनजाति र बाँकी १०५५६२२ अन्य) लाभान्वित भएको अवस्था तालिका ८ मा प्रस्तुत गरिएको छ । सामाजिक क्षेत्रलाई दलित, जनजाति र अन्य गरी जम्मा तीन वर्गमा विभाजन गरिएको छ। त्यसैगरी आर्थिक समावेशीकरणको विश्लेषण गर्दा ५७४५२३ जना विपन्न कृषकहरु लाभान्वित भएका छन् । सहभागितालाई प्रतिशतको आधारमा विश्लेषण गर्दा दलितको सहभागिता ९.८ प्रतिशत र जनजातिको सहभागिता ३८.४ प्रतिशत देखिन्छ भने वाँकी ५१.८ प्रतिशत अन्य शीर्षकमा लाभान्वित भएका छन् (चित्र ८) । विपन्नमा २८.२ प्रतिशत कृषकहरु र बाँकी ७१.८ प्रतिशत अन्यमा लाभान्वित भएको अवस्था देखिएको छ (चित्र ९) ।


## तालिका : ८ जिल्लास्तरमा सञ्चालित समग्र कार्यक्रममा सामाजिक एवं आर्थिक समावेशीकरण

| क्र. सं. | क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक समावेशीकरण विश्लेषण | | | | |
|---|---|---|---|---|---|---|
| | | सामाजिक समावेशीकरण | | | आर्थिक समावेशीकरण | |
| | | दलित | जनजाति | अन्य | विपन्न | अन्य |
| १ | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | २७०९८ | १८१९८७ | १६३५५३ | १००६७२ | २५७१७० |
| २ | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | ४८२५० | २५७३७६ | २८३७३२ | १०५८५६ | ४८३५०१ |
| ३ | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाचल | ४१७०२ | १८२०३० | २५९३३३ | ९४५६० | ३८८५०३ |
| ४ | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाच | ५४११५ | ११८३९४ | १९५८३१ | १४८९८४ | २३२७२७ |
| ५ | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाचल | २९३१८ | ४१४८६ | १५३१७३ | १२४४५१ | ९९४९९ |
| ६ | कूल लाभान्वित संख्या/सरदर प्रतिशत | २००४८३ | ७८१२७३ | १०५५६२२ | ५७४५२३ | १४६१४०० |

**स्रोतः आ.व. २०७२/०७३ को क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित**




चित्र. ८ जिल्लास्तरमा सञ्चालित समग्र कार्यक्रमहरुको सामाजकि समावेशीकरण





चित्र. ९ जिल्लास्तरमा सञ्चालित समग्र कार्यक्रमहरुको आर्थिक समावेशीकरण

आ.व. २०७२/०७३ को कृषि प्रसार कार्यक्रमको सामाजिक समावेशीकरणको अवस्थालाई विश्लेषण गर्दा तालिका ९ मा प्रस्तुत भए अनुसार १११४६४ जना दलित, ४८८२७८ जनजाति र ६०३२६२ अन्य कृषकहरु लाभान्वित भएको देखिन्छ भने आर्थिक समावेशीकरण अन्तरगत ३१९२७७ जना विपन्न कृषकहरु र ८८६१४८ अन्य कृषकहरु लाभान्वित भएको देखिन्छ । कृषि प्रसार कार्यक्रममा सामाजिक र आर्थिक समावेशीकरणको अवस्थालाई


प्रतिशतमा विश्लेषण गर्दा चित्र १० मा सामाजिक समावेशीकरण र चित्र ११ मा आर्थिक समावेशीकरणको अवस्था झल्काइएको छ । कृषि प्रसार कार्यक्रममा दलितहरु भन्दा जनजातिहरु अधिक रुपमा आकर्षण भएको देखिन्छ । दलितहरुको कृषि प्रसार कार्यक्रममा पहुँच कम भएको अवस्था देखिन आएको छ ।

**तालिका : ९ जिल्लास्तरमा सञ्चालित कृषि प्रसार कार्यक्रममा सामाजिक समावेशीकरणको क्षेत्रगत विवरण**

| क्र. सं. | क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक समावेशीकरण विश्लेषण | | | | |
|---|---|---|---|---|---|---|
| | | सामाजिक समावेशीकरण | | | आर्थिक समावेशीकरण | |
| | | दलित | जनजाति | अन्य | विपन्न | अन्य |
| १ | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | १५२१५ | ११८७६३ | ११३८३४ | ६५०३३ | १८३०२८ |
| २ | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | २८६७० | १८५९४६ | १६५०७३ | ६२०७६ | ३१७६१२ |
| ३ | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाचल | २१५९० | ८७०४३ | १२३०५३ | ४८९३९ | १८२७४७ |
| ४ | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाच | ३११६२ | ७७२५३ | १०६६८२ | ७२०५३ | १४५२३७ |
| ५ | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाचल | १४८२७ | १९२७३ | ९४६२० | ७११७६ | ५७५२४ |
| ६ | कूल लाभान्वित संख्या/ सरदर प्रतिशत | १११४६४ | ४८८२७८ | ६०३२६२ | ३१९२७७ | ८८६१४८ |




चित्र. १० जिल्लास्तरमा सञ्चालित कृषि प्रसार कार्यक्रममा सामाजकि समावेशीकरण






चित्र. ११ जिल्लास्तरमा सञ्चालित कृषि प्रसार कार्यक्रममा आर्थिक समावेशीकरण

कृषि प्रसार कार्यक्रमवाट लाभान्वित हुने कृषकहरुको भौगोलिक क्षेत्रमा के कस्तो लैङ्गिक सहभागिता रहेको छ भनेर विश्लेषण गर्नका लागि प्रत्येक क्षेत्रवाट प्राप्त विवरणका आधारमा गरिएको भौगोलिक लैङ्गिक सहभागिताको विवरण चित्र ११ मा प्रस्तुत गरिएको छ।

यसै आर्थिक वर्षमा सम्पन्न केन्द्रियस्तरका  कार्यक्रमवाट लाभान्वित कृषकहरुको सामाजिक र आर्थिक समावेशीकरणको अवस्थालाई विश्लेष्ण गर्दा दलित ८८९३६(१०.७ प्रतिशत), जनजाति २९२२१८ (३५.० प्रतिशत) र अन्यमा ४५२४४९ (५४.३ प्रतिशत) कृषकहरु लाभान्वित भएका देखिन्छन् (तालिका ९, चित्र १२) तथा आर्थिक समावेशीकरणमा विपन्न २५५१९३ (३०.८) र अन्यमा ५७४४३४ (६९.२ प्रतिशत) लाभान्वित भएको देखिन्छ (तालिका ९, चित्र १३)।

**तालिका : १० जिल्लास्तरमा सञ्चालित केन्द्रियस्तर कार्यक्रममा सामाजिक समावेशीकरण**

| क्र. सं. | क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक समावेशीकरण विश्लेषण | | | | |
|---|---|---|---|---|---|---|
| | | सामाजिक समावेशीकरण | | | आर्थिक समावेशीकरण | |
| | | दलित | जनजाति | अन्य | विपन्न | अन्य |
| १ | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | ११८८३ | ६३२२४ | ४९७१९ | ३५६३९ | ७४१४२ |
| २ | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | १९५८० | ७१४३० | ११८६५९ | ४३७८० | १६५८८९ |
| ३ | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाचल | २००२९ | ९४२१० | १३६२६९ | ४५५६८ | २०४९३८ |
| ४ | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाच | २२९५३ | ४११४१ | ८९१४९ | ७६९३१ | ८७४९० |
| ५ | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाचल | १४४९१ | २२२१३ | ५८५५३ | ५३२७५ | ४१९७५ |
| ६ | कूल लाभान्वित संख्या/ सरदर प्रतिशत | ८८९३६ | २९२२१८ | ४५२४४९ | २५५१९३ | ५७४४३४ |

| | |
|---|---|
| <br> | <br> |
| चित्र. १२ जिल्लास्तरमा सञ्चालित कृषि प्रसार कार्यक्रमहरुमासामाजकि समावेशीकरण | चित्र. १३ जिल्लास्तरमा सञ्चालित कृषि प्रसार कार्यक्रमहरुमा आर्थिक समावेशीकरण |

## खाद्य पोषण तथा प्रविधि विकासका कृयाकलापहरुमा लैङ्गिक सहभागिता र लाभान्वित कृषकहरु

कृषि जन्य उत्पादनहरुको उत्पादनोपरान्त गरिने प्रशोधन प्रविधि र ती उत्पादनहरुको प्रशोधित वस्तुहरु तयार गर्ने प्रविधिवारे खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तरगतका क्षेत्रीय स्तरमा कार्यालयहरुवाट सालवसाली रुपमा विभिन्न किसिमका तालिमका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । आ. व. २०७२/७३ मा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागवाट सञ्चालित खाद्य प्रशोधन स्वरोजगारमूलक तालिम, खाद्य पोषण तालिम कार्यक्रमहरुवाट विगत तीन वर्षमा लाभान्वित कृषकहरुको लैङ्गिक समावेशीको विवरण संलग्न राखि तालिका ११ मा प्रस्तुत गरिएको छ। समग्र तालिम कार्यक्रममा ३०६ उद्यमीहरु लाभान्वित भएकोमा २४९ महिलाहरु र ५७ पुरुष उद्दमीहरु लाभान्वित भएका देखिन्छन् । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तरगत सञ्चालित सम्पूर्ण तालिम कार्यक्रमहरुमा आ.व. २०७२/०७३ मा महिलाहरुको सहभागिता ८१.० प्रतिशत रहेको छ यसलाई प्रशंसनीय मानिएता पनि कार्यकमवाट समग्र लाभान्वित संख्या नै ज्यादै न्यून देखिएको छ । यो क्षेत्र कृषि जन्य प्रशोधन सम्बन्धी कृयाकलापमा थप ज्ञान र शीप एवं रोजगारको सीर्जना तथा आयआर्जनमा बृद्धिका लागि अवसर प्रदान गर्ने क्षेत्र मानिन्छ। यस कार्यकम अन्तरगत सञ्चालित खाद्य

प्रशोधन स्वरोजगारमूलक तालिम, खाद्य पोषण तालिम कार्यक्रमका लागि स्वीकृत हुने बजेट न्यून हुँदै गएका कारण तालिमहरु पनि कम संख्यामा सञ्चालन भई सो कार्यक्रमवाट लाभान्वित हुने कृषकहरु पनि घट्दै गएका हुन् । बजेट कम विनियोजन भएका सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागवाट पुष्टि भएको हो ।

**तालिकाः ११ खाद्य पोषण तथा प्रविधि किास कार्यक्रमवाट विगत तीन वर्षमा लाभान्वित हुने कृषकहरु**

| कार्यक्रमको विवरण/लैङ्गिक सहभागिता | आर्थिक वर्ष/लाभान्वित कृषक संख्या | | | कूल जम्मा | सरदर प्रतिशत |
|---|---|---|---|---|---|
| खाद्य प्रशोधन तथा पोषण तालिम | २०७०/०७१ | २०७१/०७२ | २०७२/७३ | | |
| महिला सहभागिता | ५२९ | ४११ | २४९ | ११८९ | ७६.८ |
| पुरुष सहभागिता | २१३ | ८९ | ५७ | ३५९ | २३.२ |
| कूल लाभान्वित | ७४२ | ५०० | ३०६ | १५४८ | १०० |

**स्रोत : खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग आ.व. २०७०/०७१, २०७१/०७२ र २०७२/७२ को प्रगति विवरणमा आधारित ।**

## कृषक समूह गठनमा लैङ्गिक मूल प्रवाहीकरण स्थिति

कृषि क्षेत्रको विकासका लागि सबैभन्दा महत्वपूर्ण पक्ष प्रविधि विकास हो । नयाँ प्रविधि विकास भएपछि त्यो प्रविधि विस्तारका लागि कृषक समक्ष पुऱ्याउन प्रसार कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दछ । तसर्थ प्रसार कार्य सञ्चालन गरी प्रविधि विकास पछि यसको विस्तार र प्रयोगका लागि कृषक समक्ष पुर्याई उत्पादनमा रुपान्तर गर्न सहयोग पुग्दछ । कृषि प्रसार मार्फत कृषि प्रविधि कृषकहरुमा हस्तान्तरण गर्नका लागि कृषक समूहहरु गठन गरिएका हुन्छन् । कृषक समूह भनेको कृषि जन्य उत्पादनको लागि कृषकहरुवीच सहकार्यमा संलग्न रहने संस्थागत संरचना पनि हो । समूहगत अवधारणा (Group approach) प्रविधि विस्तारका लागि एउटा सक्षम र न्यून खर्च लाग्ने माद्यम हो । यस संरचना भित्र रही सहकार्य मार्फत कृषि उत्पादन कार्य संलग्न रहँदा समूहमा आवद्ध कृषक सदस्यहरुले प्रतिफल हासिल गर्न सक्षम भैरहेका छन् । कृषि विकासका अधिकांश कार्यक्रमहरु समूह गठन मार्फत सञ्चालन हुँदै आएका छन् ।

## कृषि जन्य उत्पादनमा संलग्न कृषक समूहहरु

कृषि विभाग अन्तरगत विभिन्न कृषि वस्तुहरुमा कार्यक्रमहरु सञ्चालन जिल्लावाट गठन भएका कृषक समूहहरुको विवरण तालिका  मा समावेश गरिएको छ । आ.व. २०७२/०७३ मा जम्मा ४२२८८४ समूहहरु गठन भएका छन् भने आ.व. २०७१/०७२ सम्ममा ३७७३२ समुहहरु गठन भएका थिए। मिश्रित समूहको हकमा जसवाट लैङ्गिक र पुरुष बीचको असमानताको खाडललाई मिश्रित समूहमा आवद्ध भै कार्य गर्दा महिला पुरुषको सहकार्य सफल हुँदै गएको पाइएको छ  । तालिका मा प्रस्तुत भए अनुसार तीनै आ.व.मा मिश्रित समूहको संख्या बढी देखिन्छ र सोही अनुपातमा नयाँ समूह गठनमा बृद्धि हुँदै गएको देखिन्छ। समूहमा महिला सदस्यको संख्या उल्लेखनीय रुपमा बढ्दै गएको तालिकाले देखाउछ । कूल समूह भित्र पुरुषको भन्दा महिलाको संख्या बढी देखिएको छ।

### तालिका: १२ कृषि विभाग अन्तरगत गठित समूहहरुको विवरण

| विवरण | आ.व.२०७०/०७१ | | आ.व.२०७१/०७२ | | आ.व.२०७२/०७३ | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला कृषक समूह | ७६४० | २३.४ | ८६५७ | २३.० | १०१३५ | २४.० | २६४३२ | २३.५ |
| पुरुष कृषक समूह | ४०२१ | १२.३ | ३९३९ | १०.४ | ३७९२ | ९.० | ११७५२ | १०.४ |
| मिश्रित समूह | २०९५८ | ६४.३ | २५१३६ | ६६.६ | २८३५७ | ६७.० | ७४४५१ | ६६.१ |
| जम्मा समूहहरु | ३२६१९ | १०० | ३७७३२ | १०० | ४२२८४ | १०० | ११२६३५ | १०० |
| महिला सदस्य | ३६२९०४ | ५३.३ | ४१३०२९ | ५२.५ | ४७७९२१ | ५५.७ | १२५३८५४ | ५३.९ |
| पुरुष सदस्य | ३१८४२३ | ४६.७ | ३७४४४४ | ४७.६ | ३८०६७१ | ४४.३ | १०७३५३८ | ४६.१ |
| **कुल सदस्यहरु** | **६८१३२७** | **१००** | **७८७४७३** | **१००** | **८५८५९२** | **१००** | **२३२७३९२** | **१००** |

**स्रोत: क्षेत्रीय निर्देशनालयवाट प्राप्त विवरणका आधारमा।**

• • •

# नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गत अनुसन्धानात्मक कार्यमा समावेशीको अवस्था

नेपाल कृषि अनुसन्धान परिषदवाट  कृषि तथा खाद्य सुरक्षा आयोजनासंगको सहकार्यमा प्रविधि विकासका कार्यहरु गर्दै आएको छ । कृषि तथा खाद्य सुरक्षा आयोजनाको, सम्भाग -१, अन्तरगत प्रविधि विकास तथा अनुकुलन सम्बन्धि अनुसन्धान गर्ने उद्देश्यले यो आयोजना लागु भएका मध्य र सुदुर पश्चिमका १९ जिल्लाहरुमा सोहि बमोजिमका कार्यक्रमहरु संचालन गर्ने गरि यस सम्भाग अन्तर्गत बालीका जातीय तथा पशुपंछीका नश्ल विकास र सुधार, बाली तथा पशुपालनको ब्यबस्थापन सम्बन्धि प्रविधि विकासका कामहरु भईरहेका छन् ।

**महिलाको सहभागिता तथा कामको बोझ कम गर्ने क्रियाकलापका नतिजाहरु**

१. बढी उत्पादन दिने बाली तथा पशु विकासका कार्यक्रमले आयोजना क्षेत्रका महिलाहरुको काममा प्रभावकारिता बढेको र कम लगानीमा बढी आर्थिक लाभ भएको पाइएको छ ।

२. एकीकृत बाली ब्यबस्थापन प्रविधि अन्तर्गत झारपात नियन्त्रणका लागि प्रयोग गरिएको झारपात नाशक विषादीका कारण ५०% सम्म महिलाहरुको समय बचत हुनको साथैस्थानीय महिलाहरुले हातैले गोड्ने बिधिभन्दा ३०% ले उत्पादकत्वमा बृद्धि भएको पाइयो ।

३. एकीकृत बाली ब्यबस्थापन प्रविधि अन्तर्गत झारपात नियन्त्रणका लागि प्रयोग गरिएको झारपात गोड्ने हाते मेसिनको प्रयोगले  डोटी, जुम्ला र सुर्खेतमा ३०-४०% सम्म महिलाहरुको समय बचत हुनको साथैस्थानीय महिलाहरुले हातैले गोड्ने बिधि भन्दा उत्पादकत्वमा पनि बढी भएको पाइयो ।

४. खुट्टाले चलाउने मेसिन (पैदल थ्रेसर) बाट धान र गहुँ चुट्ने गर्नाले पनि पहाडका महिलाहरुको कार्य बोझमा १५-२०% ले घटेको रेकर्ड गरिएको छ ।

५. ५५ युरिया मिनरल मोलासेस ब्लक नामक खनिज तत्व युक्त ब्लक उक्त आयोजना क्षेत्रका गाई वस्तुलाई खुवाउनाले महिलाहरुको घाँसपात संकलन र घाँसको भारी बोक्ने कार्यको बोझ तात्विक रुपमा घट्न गएको पाइयो । बढी उत्पादन दिने बाली तथा पशु नस्लको विकासले आयोजना क्षेत्रका महिलाहरुको काममा प्रभावकारिता बढेको र कम लगानीमा बढी आर्थिक लाभ भएको पाइएको छ ।

६. एकीकृत बाली ब्यबस्थापन प्रविधि अन्तर्गत झारपात नियन्त्रणका लागि प्रयोग गरिएको झारपात नाशक विषादीका कारण ५०% सम्म महिलाहरुको समय बचत हुनको साथै उत्पादकत्वमा पनि स्थानीय महिलाहरुले हातैले गोड्ने बिधिभन्दा ३०% ले बढी भएको पाइयो ।



**तस्बिर १. हाते मेसिनबाटमुसुरो गोडमेल गरेको**



**तस्बिर २. हाते मेसिनबाटआलु गोडमेल गरेको**




**तस्बिर ३. पशुहरुलाई युरिया मिनरल मोलासेस ब्लकतस्बिर**



**४. उन्नतजातको कुखुरा परिक्षणका लागि वितरण**

## ईरी (IRRI)

विगत १०-१२ बर्ष देखि अन्तर्राष्ट्रिय धान अनुसन्धान प्रतिष्ठान (International Rice Research Institute) - नेपाल कार्यालयले धानको उत्पादन र उत्पादकत्व बढाउनको लागि नेपालमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यी कार्यक्रमहरुमा महिला किसानहरुको संलग्नता उल्लेख्नीय छ । ईरी फिलिपिन्सबाट ल्याइएका खडेरी तथा डुबान सहन सक्ने विभिन्न धानका जातहरु नेपाल कृषि अनुसन्धान परिषद् (NARC) ले विभिन्न अनुसन्धान केन्द्रमा परिक्षण गरी नेपाल सरकारकाले सिफारिस गरेको छ । यी जातहरुलाई कृषक समक्ष पुऱ्याउनको लागि विगत २ वर्षदेखि नेपाल संयत्त राज्य अमेरीका विकास नियोग (USAID) को आर्थिक सहयोगमा धानको उत्पादन बढाई खाद्य सुरक्षामा टेवा पुऱ्याउने उद्देश्यले तराई क्षेत्रमा सुख्खा र डुवान सहने र मध्य पहाडमा खुमल ४ तथा खुमल १० का जातहरु कृषक समक्ष उपलब्ध गराउने साविकका जिल्ला कृषि विकास कार्यालयहरु मार्फत धानका मिनिकिट र प्रदर्शन तथा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्दै आएको छ । यी कार्यक्रममा जम्मा ७५ हजार कृषकहरु समेटि सकेको छ जस मध्ये महिला कृषकहरुको सहभागिता ४५ प्रतिशत भन्दा बढी छ । यसको साथै महिला कृषकहरुमा गुणस्तरीय बीउ उत्पादन तथा बीउ प्रमाणिकरण सम्वन्धी क्षमता अभिवृद्धि गर्न सन् २०१५ र २०१६ मा क्षेत्रीय बीउ वीजन प्रयोगशाला नेपालगञ्जमा १७५ भन्दा बढि महिलाहरुलाई तालिम दिई सकेको छ। यस प्रकारको तालिमले महिलाहरुले आफ्नो घर तथा छिमेकी कृषकहरुलाई गुणस्तरीय बीउ उत्पादन तथा प्रमाणिकरण गर्न सहयोग पुऱ्याउने छन्। यी तालिम प्राप्त महिलाहरु मध्ये केही उत्कृष्ट ठहरियकालाई पुन तालिम दिएर वीउ प्रमाणिकरण गर्न नेपाल सरकारकाले प्रयोग गर्न सक्ने छ भन्ने अपेक्षा गरिएको छ ।

• • •

# कृषि विकास मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका आयोजनाहरूमा लैङ्गिक, सामाजिक र आर्थिक समावेशिकरण

कृषि विकास मन्त्रालय र कृषि विभाग अन्तरगत कार्यान्वयनमा रहेका आयोजनाहरुवाट सञ्चालित कार्यक्रमहरुवाट लाभान्वित कृषकहरुको विवरण यस खण्डमा प्रस्तुत गरिएको छ । अधिकांश आयोजनाहरुवाट ग्रामिण क्षेत्र महिला, सिमान्त र पिछडिएका समुदायलाई लक्षित गरी कार्यक्रमहरु सञ्चालित छन् र ती कार्यक्रमहरुले लक्षित वर्गको जिविकोपार्जन, आर्थिक सशक्तिकरण र रोजगारका अवसरहरु प्रदान गरेका छन् । यस्ता आयोजनाहरुको बजेट रातो कितावमा उल्लेख भएका छन् र कृषि विकास मन्त्रालयका पदाधिकारीहरुवाट आयोजना कार्यान्वयन गरिन्छ ।

## उच्चमूल्य कृषि वस्तु विकास आयोजना

ग्रामिण भेगका गरीव विशेष गरी महिला र सिमान्तकृत जनताहरुलाई उच्चमूल्य कृषि वस्तु, गैह्र काष्ठ वन पैदावर र जडीबुटीका मूल्य श्रृंखलामा सशक्त रुपमा आवद्ध गराई बजारीकरण क्षमता अभिबृद्धि गराउने आयआर्जन र रोजगारको अवसर सीर्जना गर्ने उद्देश्यले यो आयोजना दश जिल्ला (सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, कालिकोट, जुम्ला, हुम्ला, मुगु, डोल्पा, अछाम) मा सञ्चालनमा रहेको छ । यस आयोजनावाट हाल सम्म आयोजनाको सातवटा मूल्य श्रंखला (स्याउ, अदुवा, बाख्रापालन, बेमौसमी तरकारीखेति, टिम्बुर, हलेदो, तरकारी बीउ उत्पादन) मा १४०१९ कृषकहरु लाभान्वित भएका छन् । सहभागी भएका मध्ये दलित २६१४ (१९ प्रतिशत) लाभान्वित भएका छन् । जनजाती १९१४ (१४ प्रतिशत) तथा अन्य कृषकहरुमा ९४९१ (६८ प्रतिशत) लाभान्वित भएका छन् । महिला लाभान्वित ६० प्रतिशत, दलित २५ प्रतिशत र आयोजनासंग प्रत्यक्ष संलग्न भएका कृषकहरुको आय रु. ३० हजारले बृद्धि भएको छ ।

## किसानका लागि उन्नत बीउ विजन आयोजना

किसानका लागि उन्नत बीउ विजन आयोजना लक्षित जिल्लाहरु रुकुम, सल्यान, रोल्पा र प्यूठान गुल्मी र अर्घाखाँची हुन् । लैङ्गिक र सामाजिक समावेशीकरणको अवधारणा एउटा साझा मुद्दा भएका कारण आयोजनाका सम्पूर्ण कार्यक्रमहरु लैङ्गिक र सामाजिक समावेशी मैत्री बनाएको छ। आर्थिक वर्ष २०७२/७३ को बार्षिक प्रगति प्रतिवेदन अनुसार यस आयोजनावाट हालसम्म लैङ्गिक र सामाजिक समावेशीको उपलब्धिमा कुल ४४३१७ घर परिवार लाभान्वित भएको छन् । जस अनुसार महिला ३३८९३ कृषकहरु (७६ प्रतिशत), १०४२४ पुरुष कृषकहरु लाभान्वित भएका छन् । ७३०३ दलित (१६ प्रतिशत), ११८५६ जनजाति (२७ प्रतिशत), अन्य २५१५८ (५७ प्रतिशत)  लाभान्वित भएका छन् ।

## कृषि तथा खाद्य सुरक्षा आयोजना

खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणवाट जोखिम पूर्ण समुदायको अवस्थालाई मध्यनजर गर्दै मध्य पश्चिमाञ्चल तथा सुदुर पश्चिमाञ्चल क्षेत्रका १९ जिल्लाहरु (जुम्ला, डोल्पा, हुम्ला, कालिकोट, मुगु, रुकुम, रोल्पा, प्यूठान, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, बझाङ्ग, बाजुरा, बैतडी, डडेलधुरा, डोटी, दार्चुला र अछाम)मा यो आयोजना लागु भएको छ । यस आयोजनावाट कृषि तथा पशुजन्य उत्पादनको उत्पादकत्वमा बृद्धि तथा जिविकोपार्जनका आधारहरु सुदृढ गरी खाद्यवस्तुको उपलब्धता बढाई खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउनुका साथै दुई वर्षसम्मका बालबालिका, किशोरी, गर्भवती एवं सुस्केरी महिलालाई आवश्यक पोषण सुरक्षालाई लक्षित गरी खानपिन र पोषण सुरक्षामा सुधार ल्याउन पोषण तत्वको प्रयोग तथा खाद्य परिकारको विविधतामा  सुधार ल्याउने उद्देश्यका साथ यो आयोजना कार्यान्वयनमा रहेको छ ।

## वैदेशीक परियोजनाहरु

**Sindhuli Road Corridor Commercial Agriculture Promotion Project JICA (SRC-CAP)**

जापान सरकारको सहयोगमा निर्मित सन्धुली सडकको निर्माण समयवाटै सो सडकको कोरीडोरका क्षेत्रमा समावेशी विकासका लागि उच्चमूल्य वस्तुको प्रसार र प्रबर्द्धन परियोजना जापान सरकारको आर्थिक सहयोगमा कृषि विभाग अन्तरगत रहने गरेर शुरुआत भएको हो । सो परियोजना “Sindhuli Road Corridor Commercial Agriculture Promotion (SRC-CAP) Project” हो । व्यवसायिक कृषि प्रबर्द्धनवाट सिन्धुली सडक कोरिडोरका कृषक घरपरिवारका कृषिक्षेत्रमा आयस्तर बढाउने लक्ष्य यस परियोजनाले लिएको थियो । परियोजना अन्तरगत २० उत्पादक समूहहरु गठन गरिएका छन् । उत्पादक समूहवाट बजार योग्य उपजहरु उत्पादन गर्ने कृषि प्रणालीको स्थापना हुने, बजारमा आफूले उत्पादन गरेका वस्तुहरुलाई निरन्तरता प्रदान गर्न उत्पादक समूहहरुको क्षमता अभिबृद्धि हुने, परियोजना कार्यावन्यका लागि कृषि विभाग र जिल्ला कृषि विकास कार्यालयको ज्ञान र शीपको  क्षमता अभिबृद्धि भई कृषि व्यवसाय प्रबर्द्धन सुधारमा सहयोग पुग्ने जस्ता उपलब्धिहरु हासिल हुने अपेक्षा लिएको छ ।

यस आयोजनाको कार्यान्वयनको  पहिलो चरण समाप्त भैसकेको छ र दोस्रो चरण कायान्वयनमा रहेको छ । प्रमथ चरणमा समाप्त भएका विभिन्न कार्यक्रमहरुमा तोकिएका लैङ्गिक सूचकहरुमा महिलाहरुको १४ देखि ६१ प्रतिशत र दोस्रो चरणमा सम्पन्न भएका कार्यक्रमहरुमा हालसम्म १२ देखि ७० प्रतिशत महिलाहरुो सहभागिता रहेको पाइयो । यस परियोजनाको लैङ्गिक सहभागिता सम्बन्धि विवरण अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

**Rural Women Economic Empowerment Project “Accelerating Progress Towards the Economic Empowerment of RuralWomen in Nepal: A Joint Pilot Support Contributing to Implementation**

**of the AgricultureDevelopment Strategy (ADS) in Nepal (RWEE JP)**

ग्रामिण महिला आर्थिक सशक्तिकरण परियोजना Rural Women Economic Empowerment Project, The RWEE JP चारवटा संयुक्त राष्ट्रसंघीय संस्थाहरु खाद्य कृषि संगठन (Food and Agriculture Organization), विश्व खाद्य कार्यक्रम (World Food Program), कृषि विकासका लागि अन्तराष्ट्रिय कोष (International Fund for Agriculture Development) र संयुक्त राष्ट्र संघको लैङ्गिक समानता तथा महिला सशक्तिकरण सम्बन्धि कार्य गर्ने संस्था (United Nations Entity for Gender Equality and the Empowerment of Women,UN Women) को संयुक्त सहकार्यमा कार्यान्वयनमा रहेको परियोजना हो । UN Women को अगुवाईमा कृषि विकास रणनीति का समावेशी विकासका मुद्दाहरुलाई कार्यान्वयनमा ल्याउन सहयोग पुऱ्याउन स्वीकृत परियोजना हो । परियोजनाको उद्देश्य ग्रामिण महिलाको द्रुततर गतिमा आर्थिक सशक्तिकरणमा प्रगति हासिल गर्ने रहेको छ । प्रदेश २ र प्रदेश ३ अन्तरगतका सर्लाही, रौतहट र सिन्धुली जिल्ला गरी तीन स्थानीय इकाईमा  नेपाल सरकार कृषि विकास मन्त्रालयको नेतृत्वमा पाइलट परियोजनाको रुपमा कार्यान्वयनमा रहेको छ । ग्रामिण महिला आर्थिक सशक्तिकरण परियोजनाले नेपालमा देहायका चार क्षेत्रहरुमा उपलब्धिहरु हासिल गर्ने लक्ष्य राखेको छ ।

उपलब्धि एकः ग्रामिण महिलाहरुको खाद्य तथा पोषण सुरक्षा सुध्रिएको हुने

उपलब्धि दुईः ग्रामिण महिलाहरुको सुरक्षित जीविकोपार्जनका लागि आर्थिक अवस्था सुध्रिएको हुने

उपलब्धि तीनः ग्रामिण महिलाहरुको नेतृत्व बहन गर्ने क्षमतामा अभिबृद्धि हुने, समुदायिक एवं ग्रामिण संस्था, कानून, नीति र कार्यक्रममा सहभागिता बढको हुने

उपलब्धि चारः ग्रामिण महिला सशक्तिकरणका लागि लैङ्गिक मैत्री नीतिगत वातावरण सुरक्षित हुने

नेपालमा सन् २०१६ फेब्रुवरीवाट यो परियोजना लागु भएको हो र ३,५९७ ग्रामिण महिलाहरु लाभान्वित भएका थिए भने १५७ ग्रामिण महिला समूहहरु गठन भएका थिए । परियोजनाका अन्य मूख्य उपलब्धिहरु अनुसूची ३ मा प्रस्तुत गरिएको छ । आयोजना स्थलगत भ्रमण अनगमनका झलकहरु प्रस्तुत गरिएका छन् ।



*Photo 5. A group photo of the Joint Monitoring Mission Team in front of the CAESC (right) in SIndhuli*



*Photo 6. The DDG of the DoA is delivering his remarks in Rautahat district. The background is the CAESC building Rautahat*

# कृषि विकासका कार्यक्रमहरूमा लैङ्गिक समाजिक मूलप्रवाहीकरणका अवसरहरू

कृषि विकासका कार्यक्रमहरुमा लैङ्गिक, समाजिक मूलप्रवाहीकरणका साथसाथै यस सवाललाई संस्थागत गर्न नेपालका आवधिक योजनाहरु, दिर्घकालिन कृषि योजना, राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३, लैङ्गिक मूल प्रवाहीकरण रणनीति, २०६३ र कृषि यान्त्रिकरण नीति २०७१ तथा भर्खरैमात्र नेपाल सरकारले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको कृषि विकास रणनीति, २०७२ ले यथेष्ट अवसरहरु प्रदान गरेको छ ।

कृषि विकासका कार्यक्रमहरुमा लैङ्गिक समानता, भौगोलिक, सामाजिक र आर्थिक समावेशीकरणका लागि सहजीकरण गर्न विभिन्न कार्यविधिहरु कृषि विकास मन्त्रालयवाट कार्यान्वयनमा ल्याइएका छन् ।

कृषि विकास रणनीति, २०७२ ले कृषि श्रम शक्तिको अधिकांश अंश महिला श्रमवाट उपलब्ध हुने वारेमा उदृत गर्दै कृषि उत्पादनका स्रोत, साधनमा दिगो पहुँच, उपयोग र नियन्त्रण महिला कृषकहरुको निर्णयात्मक भूमिका, भूमिमा महिलाको पहुँच र अधिकारमा विस्तार गर्ने सम्बन्धमा प्रकास पार्दै महिला कृषकहरुलाई स्वतन्त्र कृषकहरुको रुपमा मान्यता दिंदै यथेष्ट बजेट विनियोजन, उत्पादन सामग्रीहरुमा महिलाहरुको पहुँचको सुनिश्चता, महिला कृषकहरुलाई नेतृत्व बहनका लागि अभिप्रेरित गरिनुका साथसाथै कृषि श्रममा महिलाहरुलाई पुरुष श्रम सरह समान ज्याला प्रदान गरिने जस्ता अवसरहरु प्रदान गरेको छ ।

समावेशीकरणका सम्बन्धमा कृषि विकास रणनीतिले आर्थिक, सामाजिक र भौगोलिक विपन्नता र बञ्चितकरणमा पारिएका महिलाहरुको पहुँचलाई सुनिस्श्चित गर्दै कृषि विकासको फाईदा कृषक लगायत सबै लक्षित वर्गहरु, जग्गा धनीहरु, कषि श्रमिकहरु तथा उद्यमीहरु सबैले पाउनु पर्ने अवधारणा लिएको छ । सिमान्त र विपन्न कृषकहरुलाई कृषि विकासका कार्यक्रममा

संलग्न गराई कृषिवाट बढी भन्दा बढी  लाभान्वित गराउने वारे यस रणनीतिको दूरदृष्टिले संकेत गरेको छ । लैंङ्गिक र सामाजिक समावेशीकरण मूल प्रवाहीकरण सम्बन्धी  संख्यात्मक र गुणात्मक रुपमा महिला र पुरुष कृषकहरुको सहभागितालाई अभिबृद्धि गर्ने, कृषि/पशुजन्य उत्पादनका लागि आवश्यक भूमि, पूँजी लगायत उत्पादन सामग्रीहरु (बीउ, मल, पशुपंक्षी, उन्नत प्रविधि, सिंचाई र बजार) मा सम्पूर्ण लैंङ्गिक, सामाजिक, आर्थिक र भौगोलिक रुपमा पिछडिएका र सिमान्तकृत वर्गहरुको पहुँचमा अभिबृद्धि गर्ने, भौगोलिक क्षेत्रहरुमा लैंङ्गिक र सामाजिक समावेशीकरण मैत्री कृषि अनुसन्धान, प्रविधि र विकासका कार्यक्रमहरु प्रबर्द्धन गर्न मार्ग प्रसस्त गरेको छ ।

कृषि विकास मन्त्रालयको आ.व. २०७०/७१, आ.व.२०७१/७२ र आ.व.२०७२र७३ को लैङ्गिक उत्तरदायी बजेट तीनै आर्थिक वर्षमा प्रत्यक्ष उत्तरदायी बजट  प्रतिशत भन्दा माथि नै देखिएको हुनाले कृषि विकासका कार्यक्रमहरु लैङ्गिक सम्वेदनशील देखिएका छन् यो राम्रो अवसर हो ।

महिला र पुरुष कृषकहरुलाई कृषि प्रविधि र कृषि उत्पादन सामाग्रीमा समान अवसर प्रदान गर्न कृषि प्रसार कार्यक्रम मार्फत प्रविधि कृषकहरुलाई हस्तान्तरण गर्न कृषक समूहहरु गठन भएका छन् । यसमा महिला कृषक समूह, पुरुष कृषक समूह र मिश्रित कृषक समूह हुन्छन् । कृषक समूहको गठनवाट महिला  कृषकहरुलाई कृषि उत्पादन कार्यमा  संलग्न रही कृषकहरुवीच सहकार्य जुटाउन संस्थागत संरचनाको व्यवस्था भएको छ । यस संरचना भित्र रही सहकार्य मार्फत कृषि उत्पादन कार्यमा संलग्न रहँदा समूहमा आवद्ध कृषक सदस्यहरुले प्रतिफल हासिल गर्न सक्षम हुने अवसर प्रदान गरेको छ ।

कृषि विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मार्फत सञ्चालन हुने सबै कार्यक्रमहरुमा भौगोलिक, लैङ्गिक, सामाजिक र आर्थिक समावेशीकरणलाई मूल प्रवाहीकरण गरेको छ । विश्व खाद्य दिवसको अवसर पारेर  कृषि

विकास कार्यक्रममा संलग्न कृषकहरुरकृषक समूहरसमितिरसहकारीहरुलाई कृषि विकासका कार्यक्रमहरुमा योगदान पुर्याए वापत कदर गर्नका लागि प्रतियोगितात्मक कार्यक्रम मार्फत पुरस्कार प्रदान गरि आर्थिक सहयोग जुटाउने कार्यक्रमहरु प्रत्येक वर्प आयोजना गरि कृषकहरुलाई पहिचान गराउने अवसर दिलाएको छ ।

त्यसै गरी कृषि विकास मन्त्रालय अन्तरगत सञ्चालनमा रहेका आयोजनाहरुले लैङ्गिक समता र सामाजिक समावेशीकरणको साजा सवाललाई आफनो कार्यक्रम भित्र संस्थागत गरी मूल प्रवाहीकरणका लागि समावेशीका कार्यक्रमहरुमा मूलप्रवाहीकरण गर्न उनीहरुलाई कार्यक्रममा समेटी रोजगार र जिविकोपार्जनकालागि प्रसस्त अवसरहरु उपलब्ध गराई महिला, सिमान्त, विपन्न र पिछडिएका कृषकहरुको कृषि प्रविधि कृषि सामाग्री र तालिमको पहुँचलाई अभिबृद्धि गर्ने वातावरण सीर्जना गरेको छ ।

• • •

# कृषि विकासका कार्यक्रमहरूमा लैङ्गिक समाजिक मूलप्रवाहीकरणका समस्या र चुनौतीहरू

- विकासका आवधिक योजनाहरु, कृषि विकास मन्त्रालयवाट जारि गरिएका नीति, रणनीति र मार्ग दर्शनहरुले लैङ्गिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्न प्रसस्त अवसरहरु प्रदान गरे पनि नेपाली सामाजको परम्परा अनुसार महिला, सिमान्तकृत र विपन्न समुदायको कृषि विकासका कार्यक्रमहरुमा लक्षित मात्रामा अवसरहरुलाई कार्यान्वयनमा ल्याउन सफल भैसकेको छैन ।

- जिल्लास्तरवाट सञ्चालन हुने कृषि उत्पादनका कार्यक्रमहरु र पहुँचमा महिला कृषकहरुको सहभागिता प्रसंसनीय रुपमा भए पनि निरर्णायक स्तरमा यसले गति लिन सकेको छैन ।

- समूह मार्फत कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्न गठन भएका मिश्रित समूहमा महिला सदस्यहरुको उल्लेखनिय रुपमा सहभागिता रहेता पनि निर्णायक तहमा पहुँच हुन कृषि पेशामा संलग्न युवाहरु देशवाट वर्षेनी पलायन हुँदै गएका कारण नेपालको अधिकांश कृषि अहिलेको परिप्रेक्षमा ँझष्लष्शबतष्यल हुँदै गएको अर्थात् महिलाको मात्र जिम्मेवारी बन्दै गएको छ । दोहोरो जिम्मेवारी बहन गर्दै आएका महिलाहरुको कार्यबोझ बढ्दै गएको र कार्य क्षमतामा ह्रास आएको अवस्थामा महिला मैत्री कृषि यान्त्रीकरणको टड्कारो आवश्यकता महसूस गरी कृषि यान्त्रीकरण नीति २०७१ मा पारित भएको छ यसलाई कार्यान्वयन गराउने पक्ष अर्को चुनौती छ ।

- निर्वाहमूखी कृषि गरेर जिवीकोपार्जन गर्ने ग्रामिण महिला, दलित, जनजाति र आर्थिक रुपमा पछाडी परेका समुदायको कृषि पेशालाई अभिबृद्धि गर्न केही वर्ष प्रतिक्षा गर्नै पर्छ ।

# सन्दर्भ सामग्रीहरु

आर्थिक वर्ष २०७०/७१ को व्यव अनुमानको विवरण (खरिद शीर्षक र स्रोतगत समेत) नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरवार, नेपाल २०७०

आर्थिक वर्ष २०७१/७२ को व्यव अनुमानको विवरण (खरिद शीर्षक र स्रोतगत समेत) नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरवार, नेपाल २०७१

आर्थिक वर्ष २०७२/७३ को व्यव अनुमानको विवरण (खरिद शीर्षक र स्रोतगत समेत) नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरवार, नेपाल २०७२

आर्थिक वर्ष २०७३/७४ को व्यव अनुमानको विवरण (खरिद शीर्षक र स्रोतगत समेत) नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरवार, नेपाल २०७३

कृषि जैविक विविधता नीति, २०६३ (पहिलो शंसोधन, २०७१) कृषि विकास मन्त्रालय सिंहदरवार, काठमाडौं २०७१ ।

कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३ कृषि तथा सहकारी मन्त्रालय, सिंहदरवार काठमाडौं, २०६३ ।

कृषि यान्त्रिकरण प्रबर्द्धन नीति, २०७१ कृषि विकास मन्त्रालय २०७१ ।

राष्ट्रिय कृषि नीति, २०६१ कृषि तथा सहकारी मन्त्रालय सिंहदरवार काठमाडौं, २०६१ ।

लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९ नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरवार नेपाल ।

लैङ्गिक उत्तरदायी बजेट नेपाल सरकार अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा लैङ्गिक उत्तरदायी बजेट समिति २०६५ भाद्र ।

लैङ्गिक र सामाजिक समावेशीकरण सम्बन्धी क्षेत्रगत दृष्टिकोण (कृषि), एसियाली विकास बैंक, बेलायती विकास मन्त्रालय र विश्व बैंकको सह प्रकाशन, सन् २०१२ ।

वार्षिक कार्यक्रम तथा प्रगति तथ्याङ्क पुस्तिका २०७०/०७१ नेपाल सरकार कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि प्रसार निर्देशनालय, कृषि विभाग, हरिहरभवन ।

विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन व्यवस्था र अनुगमन फाराम तथा निर्देशिका, राष्ट्रिय योजना आयोगको सचिवालय सिंहदरवार, काठमाडौं भाद्र, २०६६ ।

शासकीय सुधार कार्यक्रम अनुरुप कृषि तथा सहकारी मन्त्रालयको लैङ्गिक मूल प्रवाहीकरण रणनीति कृषि तथा सहकारी मन्त्रालय सिंहदरवार काठमाडौं, मंसिर, २०६३ ।

क्षेत्रीय कृषि निर्देशनालय पश्चिमाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७२/७३, पोखरा २०७३ ।

क्षेत्रीय कृषि निर्देशनालय पूर्वाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७२/७२) विराटनगर २०७३ ।

क्षेत्रीय कृषि निर्देशनालय मध्य पश्चिमाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७२/७३) सुर्खेत, २०७३ ।

क्षेत्रीय कृषि निर्देशनालय मध्यमाञ्चल क्षेत्र, हरिहर भवन प्रगति प्रतिवेदन (आ.व. २०७२/७३) हरिहरभवन, २०७३ ।

क्षेत्रीय कृषि निर्देशनालय सुदुर पश्चिमाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७२/७३) दिपायल, २०७३ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, प्रगति विवरण (आ.व. २०७२/७३) बबरमहल काठमाडौं २०७३ ।
बार्षिक प्रगति प्रतिवेदन (आ.व. २०७०/७१) नेपाल सरकार कृषि विकास मन्त्रालय, अनुगमन तथा मूल्याँकन महाशाखा, सिंहदरवार, काठमाडौं कार्तिक, २०७० ।

Agriculture Development Strategy (ADS) 2015, Ministry of Agricultural Development, Singh Durbar Kathmandu 2015.
Agriculture Perspective Plan (1995/96-2014/15). Summary Document. His Majestry's Government of National Planning Commission. Nepal, June 1995
Eighth Five Year Plan (1992-97) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.
Fifth Five Year Plan (1975-80) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.
FAO (2010) Integration of Gender in Agriculture: An Analysis of Situation, Food and Agriculture Organization of the United Nations. UN Complex, Pulchowk, Nepal, June 2010.
Government of Nepal 2007. The Interim Constitution of Nepal, 2063(2007). http://www.lawcommission.gov.np
Ministry of Agriculture and Cooperative ( 2002), Impact Study of Gender Mainstreaming Major Agricultural Commodity Program. Ministry of agriculture and Cooperatives, Singhdurbar, Kathmandu, Nepal.
Ninth Five Year Plan (1998-2002) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.
Seventh Five Year Plan (1985-90) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.
Sixth Five Year Plan (1980-85) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.
Tenth Five Year Plan (2003-2007) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal May, 2003.
Three Year Interim Plan (2007-2010) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.
Three Year Plan Approach Paper (2010/11-2012/13), Government of Nepal, National Panning Commission Singh Durbar, Kathmandu, Nepal. August, 2010.
Updated Progress Review of Women Farmers Development Program. 2000. Ministry of Agriculture and Development, Women Farmer Development Division, Singh Durbar, Kathmandu, Nepal, July, 2000.

# अनुसूचीहरु

**अनुसूची १ लैङ्गिक तथा जातिय सहभागिता लाभान्वित कृषकहरुको विवरण**

| क्रसं | आयोजना/ कार्यक्रमको नाम | लाभान्वित कृ. परिवार | लाभान्वित गा वि स/न पा | | | लाभान्वित कृषक संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुगम | मध्यम | दुर्गम | लैङ्गिक | | | सामाजिक | | | | आर्थिक | | |
| | | | | | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | विपन्न | अन्य | जम्मा |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

# अनुसूची २

## Achievements of each Activities from "Gender Participation" perspective of SRC CAP project

| GESI indicators | I Cycle | | | II Cycle | | | Remarks |
|---|---|---|---|---|---|---|---|
| | Male (%) | Female (%) | Total (%) | Male (%) | Female (%) | Total (%) | |
| VDC / potential group selection by DADO, Verification by the Project and appointing field facilitators (FF) | 80 | 20 | 100 | 60 | 40 | 100 | |
| Field facilitator Gender ratio while appointing | 80 | 20 | 100 | 60 | 40 | 100 | Total # 10 |
| Basic training for JT/JTA on Commercial Agriculture | 86 | 14 | 100 | 49 | 51 | 100 | # of female JT/JTA is limited |
| Field Facilitator participation ratio | 80 | 20 | | 60 | 40 | | |
| Kick off Meeting of Producer Groups: Introduction of the Project | 50 | 50 | 100 | 49 | 51 | 100 | Total Grs. 10 |
| Female's ratio in decision making position | 56 | 44 | 100 | 36 | 64 | 100 | |
| Basic training for producer groups: Ag commercialization, Farm mgmt, and Gender | 49 | 51 | 100 | 40 | 60 | 100 | |
| Producers-Buyers Matching Forum | 53 | 47 | 100 | 30 | 70 | 100 | |
| Market Surveys by producer groups | 50 | 50 | 100 | 40 | 60 | 100 | |
| Action Plan Making by producer groups and individual action plan making | 45 | 55 | 100 | 36 | 64 | 100 | |
| Technical Training for JT/JTA on Nursery Mgmt, Pest Mgmt, Variety and Marketing | 83 | 17 | 100 | 88 | 12 | 100 | # of female JT/JTA is limited |
| Field Facilitator participation ratio | 80 | 20 | 100 | 55 | 45 | 100 | |
| On-site coaching for Producer Groups and OJT for JT/JTAs: Cultivation technology through a Training Farm | 47 | 53 | 100 | On-going | On-going | On-going | |
| Study tour for JT/JTA | 100 | 0 | 100 | 88 | 12 | 100 | # of female JT/JTA is limited |
| Study tour for producer groups | 51 | 49 | 100 | 51 | 49 | 100 | Producer groups/II Cycle yet to be |
| Training on post-harvest handling & marketing for producer groups (PH&M) | 39 | 61 | 100 | Yet to be | Yet to be | Yet to be | I cycle implemented only in Bhimeswor VDC in Sindhuli. |

# अनुसूची ३

## RWEE JP: The key results in 2016 included:

### Food and nutrition security

- 3,597 rural women improved their food and nutrition security through kitchen gardening and commercial fresh vegetable production;
- 12 rural women groups (out of 157 formed) registered at District Agriculture Development Office (DADO) and are directly benefitting from the government's programme on agriculture development;
- 3,534 pregnant and breastfeeding mothers and children under 2 years old were benefitted from nutrition support provided through supplementary feeding and nutrition counselling;
- The first three Community Agriculture Extension Service Centres (CAESC) (out of 4,000 planned for construction in the ADS were constructed in the programme districts;
- Over 3,500 rural women are going to benefit from the CAESC constructed under the RWEE JP;
- More than 490 hectares of land for commercial fresh vegetable production and kitchen gardening irrigated through the cash for assets activities;
- 74 irrigation schemes and 17 fish ponds were constructed to support the livelihood and agriculture services benefitting 3,597 rural women;

### Livelihood

- 2,068 rural women earned USD 50,468 from selling vegetables in the market;
- 2,006 rural women were benefitted from drudgery reduction farm implements such as corn shellers and wheat/paddy

harvesters and were able to spend quality time engaging in community meeting and taking their vegetable produce to markets;

- 1,837 rural women were provided with short term employment through various cash for assets activities particularly focused on the infrastructures contributing to improve productivity such as community irrigation;
- 7,150 rural women households (HHs) benefitted from 16 animal health camps treating 36,139 animals;
- 24 rural women were appointed as Village Animal Health Workers (VAHWs) after a 35-day training;

**Leadership and participation**

- 602 rural women enhanced their knowledge and understanding on women's rights and Gender Equality and Social Inclusion (GESI) responsive approaches and able to raise their voice against the gender based discrimination in their communities

**Gender responsive policy environment**

- GESI strategy was drafted for the gender responsive implementation of the ADS
- 14 staff members of the Central Bureau of Statistics (CBS) and Ministry of Women, Children and Social Welfare (MoWCSW) capacitated on GESI responsive statistics in relation to the implementation of the ADS; and
- Three desk reviews on "women's role in decision-making in farm operations", "drudgery reduction of women in the agriculture sector" and "work load distribution between men and women in the agriculture sector" were completed in coordination with the MoAD and Nepal Agricultural Research Council (NARC).